म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३११ शुक्रबार ७ असार २०८१ ने. सं. ११४४ तछलाथ्व 21 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तीन किलोग्राम गाँजासहित युवक पक्राउ

हेटौंडा, ६ असार/हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे चेक पोईन्टबाट लागुऔषध सहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषा, लक्ष्मनियाँ गाउँपालिका-६ बस्ने २८ वर्षीय मोहम्द मुस्ताख राइन रहेका छन् । पूर्वपश्चिम सडकखण्डमा प्रहरीचौकी रातोमाटेबाट खटिएको चेकिङ टोलीले हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख १०५२ नम्बरको बसलाई रोकेर चेकजाँच गर्ने क्रममा बसको सिट नम्बर ११ मा रहेका राइनलाई शंका लागेर चेकजाँच गर्दा ३ किलो १७० ग्राम लागुऔषध गाँजा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार उनी बसेको बसेको सिट माथिको डिक्किको झोलामा लुकाई छिपाई राखेको अवस्थामा लागूऔषध गाँजा फेला परेको हो । लागुऔषध गाँजा सहित उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# थाहा-कैलाश-राक्सिराङ-मनहरी सडकखण्डलाई रुपचन्द्र बिष्ट मार्गको नामाकरण गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/नेकपा (एमाले)का प्रमुखसचेतक महेश बर्तौलाले सरकारसँग थाहा नगर पालिकाको पालुङदेखि कैलाश-राक्सिराङ हुँदै मनहरीको सिम्पानीसम्म 'रुपचन्द्र विष्ट मार्ग' बनाउनुपर्ने पस्ताव गरेका छन् ।

थाहा आन्दोलनका प्रणेता रुपचन्द्र विष्टको २५ औं स्मृति दिवस आज शुक्रबार सम्झना गरी मनाइँदै छ । स्मृति दिवसका अवसरमा काठमाडौं, हेटौंडा र पालुङमा विभिन्न कार्यक्रम हुँदैछन् । रुपचन्द्र विष्ट स्मारक समितिले काठमाडौंमा अन्तरक्रिया आयोजना गर्दैछ । प्रेस सेन्टर मकवानपुरले क्लब हेटौंडामा मध्यान्ह १ बजे रुदानेको स्मृतिमा कार्यक्रम आयोजना गरेको हो ।

रुदाने, जसरु, रापसरु, स्वरुपेजस्ता उपनामले परिचित विष्टले विसं २०२८ सालमा मकवानपुरको उत्तरी क्षेत्रमा शिक्षा आन्दोलन चलाएका थिए । 'छोरा पढाउने, छोरी नपढाउने मुर्दावाद-छोराछोरी दुवै पढाउने जिन्दावाद' भन्ने जस्ता नाराका साथ विष्टले चलाएको आन्दोलनले समाजमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । विसं १९९० पुस २६ गते मकवानपुरको दामन घर्तीखोलामा जन्मिएका विष्टको २०५६ साल असार ७ गते काठमाडौंमा निधन भएको थियो ।

वि.सं. २०२९ र २०३० सालतिर रुपचन्द्र विष्टले थाहा आन्दोलन सुरु गरेका थिए । रुपचन्द्र र उनका सहकर्मीका हातबाट चट्टान, भित्ता, पर्खाल, रुखदेखि खाली कागज र चुरोटको बट्टासम्ममा 'थाहा' लेखिएका हुन्थे । यतिसम्मकी स्कूले केटाकेटीको पोशाकमा पनि थाहा लेखिएको हन्थ्यो । 'थाहा' नेपाली छाप्राहरुमा पुगेको पहिलो दार्शनिक आन्दोलन थियो । त्यो आन्दोलनको सबभन्दा महत्वपूर्ण विशेषता के थियो भने यसमा कुनै पनि प्रकारको सैद्धान्तिक क्लिष्टता या अस्पष्टता नभएको जनमुखी सहकर्मी एकराज उप्रेती बताउँछन् ।

'थाहा पा भाते, जान् भाते, बुझ् भाते' भन्ने उनको थेगो जस्तै थियो । थाहा आन्दोलनको मूल लक्ष्य भनेको चेतनाहीन छाप्रे जनतालाई चेतना सम्पन्न नागरि कमा रुपान्तण गरी राजनीतिक र सामाजिक जागरण गर्नु थियो । उनी हमेसा भन्ने गर्थे, 'श्रमिकको राजनीति पूँजिपतिले गरेर हुँदैन, छाप्रेको राजनीति महलले गरेर हुँदैन, महिलाको राजनीति पुरुषले गरेर हुँदैन, आफ्नो लागि आफैं जागेर अघि बढ्नुपर्छ । दु:ख पाउनेले नै दु:खको रंग चिनेको हुन्छ । श्रम गर्नेले नै श्रमिकको व्यथा जानेको हुन्छ ।'

'जसको उत्थान हुनुपर्छ, ऊ स्वयम्ले अगुवाई गर्नुपर्छ । श्रम गर्नुपर्छ, ठाउँमा पग्लनुपर्छ, ठाउँठाउँमा कठोर बन्नुपर्छ । जानेर बुझेर अघि बढ्ने हिम्मत गर्नुपर्छ । होस सहितको जोसले काम गर्नुपर्छ ।' बिष्टको यो भनाई आज पनि गुञ्जीरहेको छ । 'हामी कसैका होइनौं, कोही हाम्रा होइनन् । मात्र हामी सत्य र न्यायका र सत्य र न्याय हाम्रा लागि हुन् ।' शत्रुले चिनेको तर, मित्रले चिन्न नसकेको व्यक्तिको संज्ञा दिइयो बिष्टको मृत्यु पछिका दिनमा ।

प्रतिनिधिसभामा विनियोजन विधेक अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको विकास कार्यक्रम माथीको छलफलमा बोल्दै उनले यो मार्ग वनाउनुपर्ने वताएको हो । उनले भने-'मकवानपुरको दुई ठुला राजमार्ग त्रीभुवन राजपथ र महेन्द्र राजमार्गको बीचमा रहेको ४ वटा स्थानीयह तहहरु थाहा, कैलाश, राक्सिराङ र मनहरी जोड्ने गरी एउटा छुट्टै मार्ग निर्माण गर्न आवस्यक रहेको छ' उनले चितवन तथा नारायणी पश्चिमका नागरिकको काठमाडौंसँगको पहुँचका लागि यो मार्ग अत्यन्तै महत्वपूर्ण हुने वताए ।

बर्तौलाले 'मुग्लीन-नारायण सडकमा अवरोध हुँदा यसको वैकल्पिक बाटो छैन, त्यसकारण मनहरीको सिम्पानीदेखि थाहानगरको चित्लाङ हुँदै वैकल्पिक मार्ग वनाउन आवस्यक छ' भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठको ध्यानाकर्षण गराए । बर्तौलाका अनुसार रुपचन्द्र विष्टले जनमुखी राजनीतिमा गरिव किसानको आवाज मुखरित गर्दै हिडेका र थाहा आन्दोलनको प्रणेता हुन् । उनी दामनमा जन्मिएर पञ्चायती शासनको विरुद्धमा जागरण पैदा गर्ने, संगठित गर्ने नेता भएकोले विष्टको नामबाट यो मार्ग बनाउन उपयुक्त हुने वताए । बर्तौलाले भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माणको जिम्मा सरकारले लिएर निर्माण सुरु गर्नुपर्ने वताएका छन् । प्रतिनिधिसभाको वैठकमा बोल्दै बर्तौलाले सुरुङमार्गको निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्री महासेठको ध्यानाकर्षण गराएका हुन् ।

यो सुरुङ निर्माणका लागि भनेर नेपाल पूर्वाधार विकास कम्पनीले अनुमति लिएको लामो समय भइसकेको छ । सुरुङ निर्माणकै लागि कम्पनीले स्थानीय नागरिकसँग सेयर धनीका नाममा रकम पनि उठाएको थियो । सांसद बर्तौलाले भने-'योसँगै चर्चा चलाइएका सिद्धबाबा सुरुङमार्गको भौतिक प्रगति निकै राम्रो छ र नागढुंगा सुरुङखन्ने काम सम्पन्न भइसकेको छ । तर, भीमफेदी-कुलेखानी सुरुङ चर्चामै सीमित रह्यो । अब, नेपाल सरकारले नै यो सुरुङमार्ग निर्माणको जिम्मा लिएर निर्माणको प्रक्रिया अगाडि बढाइनु पर्छ ।'

# न्यूनतम पारिश्रमिक दिन नसक्ने संस्थाले कर्मचारी राख्दै नराख्नू

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्काले न्यूनतम पारिश्रमिक दिन नसक्ने सञ्चारगृहलाई कर्मचारी नराख्न सुझाव दिएकी छन् ।



नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको समन्वय तथा न्यूनतम पारिश्रमिक निर्धारण समितिले हेटौंडामा आयोजना गरेको 'श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था र संशोधनका विषय' अन्तर्गतको जिल्लास्तरीय अर्न्तक्रिया कार्यक्रममा अध्यक्ष खड्काले न्यूनतम पारिश्रमिक दिन नसक्ने सञ्चारगृहले कर्मचारी राख्न नहुने सुझाव दिएकी हुन् । अध्यक्ष खड्काले विसं २०७५ मा पत्रकार तथा सञ्चारमाध्यममा कार्यरत संचारकर्मी/कर्मचारीको न्यूनतम पारिश्रमिक तोकिएकाले यसलाई समयसापेक्ष बनाउन संशोधन आवश्यक रहेको बताइन् । पछिल्लो समय प्रविधि क्षेत्रमा आएको परिवर्तनले पत्रकारिता क्षेत्रमा थप संकट र चुनौती थपिएको उनको भनाइ छ ।

प्रविधिको विकाससँगै चुनौती थपिएको बताउँदै अध्यक्ष खड्काले पत्रकार अभाव, दबाव र प्रविधिको चुनौतीमा रहेका उल्लेख गरिन् । 'न्यू मिडिया'को विकाससँगै रेडियो, टेलिभिजन, पत्रपत्रिकाले पाउने विज्ञापन घट्दै गएको छ' उनले भनिन् । न्यूनतम पारिश्रमिक निर्धारण समिति सदस्य शान्ता अधिकारीले १६ वर्षअघि बनेका कानुन संशोधन हुन नसकेको भन्दै श्रमजीवी पत्रकारका पक्षमा ऐन संशोधन गरिनुपर्नेमा जोड दिइन् । अधिकारीले श्रमिक र सञ्चारमाध्यम दुवै बाँच्नुपर्ने भन्दै सोही अनुसारका कानुन बनाउनु जरुरी रहेको बताइन् ।

कार्यक्रममा मकवानपुरका पत्रकारले ठूला सञ्चारमाध्यमले न्यूनतम पारिश्रमिक नदिने गरेको गुनासो पोखेका थिए । नियुक्तिपत्र र न्यूनतम पारिश्रमिकसमेत नपाएको उनीहरुको गुनासो छ । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारुमगर लगायत मकवानपुरका सञ्चारमाध्यमका सञ्चालक र सञ्चारकर्मीको सहभागिता थियो ।

# किसानलाई पशुऔषधिजन्य सामग्री हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एनएलएसआईपी) हेटौंडा कार्यालयले मकवानपुरका किसानलाई पशुऔषधिजन्य सामग्री हस्तान्तरण गरेको छ ।

बिहिवार हेटौंडा-१, चौकीटोलमा रहेको मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको कार्यालयमा एक कार्यक्रमको आयोजना गरी मकवानपुरका २२ जना किसानलाई सामग्री वितरण गरिएको हो । कार्यक्रममा एनएलएसआईपी हेटौंडा कार्यालयका आयोजनाप्रमुख डाक्टर बिदुर गौतमको अध्यक्षता एवम् बागमती प्रदेश दुग्ध विकास बोर्डका बोर्ड सदस्य बासुदेव अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाल, जिल्ला दुग्ध उत्पादक सहकारी संघका व्यवस्थापक कुमार मणि दाहाल, एनएलएसआईपीका पशुचिकित्सक मिथिलेस कर्ण, पशुस्वास्थ्य प्राविधिक धनबहादुर रावत, मुकेश यादवलगायतको उपस्थिति थियो । कार्यक्रममा आयोजना प्रमुख डाक्टर गौतमले सामग्री हस्तान्तरणले किसानलाई केही राहत मिल्ने बताए । वितरण गरिएको सामग्रीमा नाम्ले जुका पर जीवी नियन्त्रणको औषधि, पशुमा लाग्ने थुनेलो रोग परीक्षणका लागि आवश्यक औजारसहितको औषधिलगायत एक जनालाई झण्डै २० हजार रुपैयाँ जतिको सामग्री वितरण गरिएको आयोजना प्रमुख डाक्टर गौतमले बताए ।

कार्यक्रमका लागि जिल्ला दुग्ध उत्पादक सहकारी संघले संघमा आवद्ध मकवानपुरका ११ संस्था छनोट गरेको र छनोट भएका संस्थाले २-२ जना ब्यावसायिक किसान छनोट गरेका थिए । आयोजनाको सहयोगमा संघले केही दिन पहिला मकवानपुरका २० वटा दुग्ध सहकारीलाई टियोसेन्टी र सुडान घाँसको बीउ वितरण गरेको संघका ब्यवस्थापक कुमारमणि दाहालले बताए ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा विश्व बैंकको ऋण सहयोगमा पशुजन्य मूल्य श्रृंखलामा उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशुसेवाक्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले आयोजना संचालन गरिएको हो । यो आयोजना आव २०७४/७५ देखि कार्यान्वयनमा आएको हो भने यसै आव २०८०/८१ बाट सम्पन्न हुँदैछ ।

# लैनचौरमा किसानको धर्ना जारी

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/दुध बेचेको रकम भुक्तानीको माग गर्दै किसान आन्दोलनमा उत्रिएका छन् । केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडको नेतृत्वमा किसान बुधवारदेखि पुन: आन्दोलनमा उत्रिएका हुन् ।



उनीहरुले बिहीवार काठमाडौंको लैनचौरस्थित दुग्ध विकास संस्थान (डीडीसी)को कार्यालय घेराउ गरेका हुन् । बुधवार भने उनीहरुलाई डीडीसीको कार्यालय घेराउ गर्न लाग्दा प्रहरीले पक्राउ गरेको थियो । पक्राउ परेका किसानलाई केही समयपछि छोडिएको थियो ।

डेरी उद्योगीलाई दूध बेचेबापत देशभरका ६ लाख किसानले ७ महिनादेखिको रकम पाएका छैनन् । उनीहरुले दुध बेचेको करीब ४ अर्ब रुपैयाँ भुक्तानी पाएका छैनन् । किसानको पैसा दिन डेरी उद्योगी र सरकारबीच यसअघिपटकपटक सम्झौता भइसकेको छ । तर, उद्योगीले सम्झौताको बेवास्ता गरिरहेको आन्दोलनरत किसानले आरोप लगाएका छन् । यसअघि पनि किसान दुधको भुक्तानी माग्दै आन्दोलनमा उत्रिएका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# मनहरीको नीति तथा कार्यक्रम

मकवानपुरको १० वटा पालिकामध्य सबैभन्दा धेरै आन्तरिक आयस्रोत भएको पालिकाको रुपमा रहेको मनहरीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । मनहरी गाउँपालिकाको १५ औं अधिवेशनबाट बुधबार नीति तथा कार्यक्रम ल्याएको हो । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले नीतिगत रुपमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध मनहरीको आधार भन्ने मूलनारामा आधारित रही आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको जानकारी दिए । नीति तथा कार्यक्रममा विपन्न परिवारका सदस्यको मृत्यु हुँदा परम्परा अनुसारको दाहसंस्कारका लागि गाउँपालिकाले आर्थिक सहयोग गर्ने समेटिएको छ । कतिपय विपन्न मानिस आर्थिक अवस्थाका कारण काजकिरिया गर्न कठिन रहेकाले कार्यक्रममा समेटिएको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए । मनहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकालाई निशुल्क शिक्षाको प्रत्याभूति दिन खोजिएको बताइएको छ ।

सरकारले निशुल्क शिक्षाको घोषणा गरेपनि शिक्षक दर्वन्दी अभावका कारण निजीस्रोतमा शिक्षक राख्नुपर्ने अवस्थाका कारण सामुदायिक विद्यालयले अभिभावकसँग सहयोग उठाएर विद्यालय सञ्चालन गरिरहेका छन् । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक यातायातमा विपन्न नागरिकलाई सहुलियत दिने नीति ल्याइएको छ । गाउँपालिकाको सिफारीस वा परिचयपत्रको आधारमा गरिब तथा विपन्न नागरिकलाई भाडा छुटका लागि सार्वजनिक यातायात व्यवसायीसँग सम्झौता गर्ने अध्यक्ष कालाखेतीले बताए । गाउँपालिकाले सामाजिक विकास लक्षित विशेष नीति तर्जुमा गरी वजेटमा समावेश गर्ने लक्ष्य लिएको अध्यक्ष कालाखेतीले जानकारी दिए । 'हामीले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम ल्याएसँगै सोही अनुरुप बजेट निर्माण गर्नेछौं,'-अध्यक्ष कालाखेतीले भने । गाउँसभामा चालु आर्थिक वर्षमा भएका प्रमुख उपलब्धी कार्याक्रम र सम्पन्न भएका योजनाबारे जानकारी गराएका थिए । संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, योजनाले परिलक्षित गरेका प्राथमिकतालाई आत्मसाथ गर्दै अघि बढ्ने गाउँपालिकाको लक्ष्य रहेको अध्यक्ष कालाखेतीले बताए । यस मनहरी गाउँपावलकाको १९९.५२ बर्गकिलोमिटर भूभागमध्य अधिकांश कृषिउर्बर भूमि रहको र साबिक हाँडीखोलातर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरीतर्फ धान, मकैलगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रालगायत पशुपालन गरर उत्पादनमा आधारित स्वरोजगार बन्ने अबसर रहेको कार्यक्रममा उल्लेख छ ।

यहाँ प्रशस्त मात्रामा नदीउकास जमिन अझै बाँझो रहेको र यातायातको समेत सहज पहुचँ भएको कारण त्यसको सदपुयोगबाट रोजगारी सृजना गर्ने सकिने प्रचुर सम्भावना रहेको बताइएको छ । मनहरी-६ मा प्रदेश सरकारले उद्योगग्राम बनाउन तयार गरेको डीपीआर सहितको गुरुयोजना कार्यान्वयन गर्न सकिए थप रोजगारीका अबसर प्राप्त भई युवा जनशक्ति विदेश पलायनलाई समेत रोक्न सघाउ पग्ने र घोषणा गरिएको समृद्ध मनहरी बनाउन सकिने कुरालाई अबसरको रुपमा लिन सकिने बताइएको छ । बिद्यमान द्वैधकानूनी संरचनाको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्बित हुनबाट बञ्चित रहनु र महत्वपूर्ण स्थानीय आर्थिकश्रोतको रुपमा रहको नदीजन्यपदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने विषयको मुख्य चुनौती रहेको बताइएको छ । अधिकांश मध्यवर्ती बस्तीमा निकुञ्जबाट बस्तीमा जंगली जनावरबाट हुने धनजनको क्षति, चुरेको छेउमा बस्ती तथा खेतीयोग्य जमिन भएकोले खहरेबाट हुने भूक्षय तथा जमिनको कटान अको चुनौतीको रुपमा रहको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ८ गते शनिबार २२ जुन २०२४ । पूर्णिमा, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# नेपालमा योजनाबद्ध विकास र १६ औं पञ्चवर्षीय योजना



✍ डिल्लीराम मिश्र "कलमजीवी"

मुलुकमा रहेको विद्यमान सीमित स्रोत-साधनलाई सही र योजनाबद्ध तरिकाबाट परिचानलन गरी राष्ट्र निर्माणको लक्ष्य परिपूर्ति गर्नु आजको आवश्यकता एवं भावी चुनौतीको दायित्व पनि हो । यिनै मानवीय आवश्यकता र भावी चुनौतीको समस्यालाई क्रमिकरुपमा निरुपण गर्दै राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरुको नीति अवलम्बन गर्नुपर्छ । योजना तर्जुमाको माध्यमबाट देशको आर्थिक, सामाजिक, भौतिक, शैक्षिक तथा प्रशासनिक संरचनाको अतिरिक्त यस्ता क्षेत्रहरुको सन्तुलित विकास प्रयासबाट एउटा आदर्श राष्ट्रको निर्माण गर्ने कार्य योजनाबद्ध विकासको चरणमै अन्तरनिहित रहेको हुन्छ । कुनै पनि मुलुकको योजना तर्जुमालाई एउटा पारिवारिक क्रियाकलापसँग तुलना गर्न सकिन्छ । यसो गरिनुको प्रबल कारण मानिसको आर्थिक स्थिति सन्तुलनको लागि आम्दानी र खर्चको बाँडफाँड गर्नु पनि एक किसिमको योजना हो । मानिसले आफूसँग उपलब्ध भएको र हुन सक्ने स्रोत-साधनलाई दृष्टिगत गरी पारिवारिक बजेट तर्जुमा गरेजस्तै राष्ट्रले पनि आफ्नो निर्धारित राष्ट्रिय आर्थिक लक्ष्य प्राप्त गर्न प्राकृतिक स्रोत-साधन र मानवीय शक्तिलाई समेत पूर्णरुपमा प्रयोग एवं परिचालन गरी देशवासीको राष्ट्रिय जीवनस्तर माथि उठाउनमा योजनाबद्ध विकासको सुनियोजित प्रक्रियाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपालको मानचित्रमा योजनाबद्ध आर्थिक एवं विकासको इतिहास त्यति परको नभए तापनि विश्व समुदायमा भने यसले झन्डै एक शताव्दी समय पार गरिसकेको छ । वास्तवमा राष्ट्रिय अर्थतन्त्रको विकासको निमित्त यस्ता प्रकारका विकास योजनाहरुको प्रयोग नौलो मानिन्छ । विश्वमा योजनाबद्ध विकासको थालनी आजभन्दा लगभग एक सय वर्षअघि सोभियत रुसबाट कार्यान्वयन भएको हो । सोभियत संघमा साभ्यवादको उदय भएपछि केन्द्रीय स्तरबाट अर्थतन्त्रको विकासको निमित्त सर्वप्रथम सन् १९२८ मा रुसले पापतिलको नामक पञ्चवर्षीय योजना प्रारम्भ गरेर आर्थिक क्षेत्रमा निकै गहकिलो योगदान दिन सफल भएको देखिन्छ । त्यस योजनावधिमा सोभियत संघले औद्योगिक क्षेत्रमा गरेको तीव्र प्रगतिले सामान्यतः युरोपका अन्य मुलुकहरु पनि प्रभावित भएका थिए । उक्त योजनाको कार्यान्वयनस्वरुप सन् १९३० मा विश्वभरि नै उत्पन्न भीषण आर्थिक मन्दीबाट मुक्त भई सोभियत संघले आफ्नो आर्थिक विकास प्रयासलाई अगाडि बढाउन सार्थक भएको मानिन्छ । यस कारणले नै योजनाबद्ध आर्थिक विकासतर्फ सबैको चासो र उत्सुकता बढ्न गएको स्वतः सिद्ध हुन्छ । सनु १९३० पछिका दशकमा पनि योजनाहरु निकै प्रचारप्रसारमा आउनुका अतिरिक्त विश्वभरि नै क्रमिकरुपमा विस्तार हुँदै गए । यसो हुनुमा सोभियत संघले पञ्चवर्षीय योजनावधिमा गरेको तीव्र औद्योगिक विस्तार तथा अन्य मुलुकहरुका स्वतन्त्र अर्थतन्त्रले उत्पन्न गरेको व्यापार असन्तुलन, बेरोजगार र आयको असमान वितरणले ल्याएको आम विसङ्गतिहरु नै थिए ।

नेपालको सन्दर्भमा योजनाबद्ध आर्थिक विकासतिर दृष्टिगत गर्दा मल्लकालीन समयमा केही भए पनि राणाकालीन समयमा देशमा आम जनपक्षीय योजनाको कार्यान्वयन हुने वातावरण सिर्जना नै हुन सकेको थिएन । जहानिया राणाशासनको कालतिर जनताका आँखामा छारो हाल्न देशमा कागजीरुपमा मात्र सीमित रहने खालका १५-२० बर्से योजनाको तर्जुमा गरे पनि पूर्णतः कार्यान्वयन भएन र यस्ता योजनाहरु त्यसै विलीन भएर गए। यीमध्ये राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराको शासनकालमा सिंचाइको माध्यमबाट उत्पादन बढाउने उद्देश्यले पूर्वी तराईमा चन्द्रनहरको निर्माण गरेका थिए।

२००७ सालमा आएको राजनीतिक परिवर्तनपछि देशको बिग्रेको आर्थिक पक्षलाई कसरी मजबुत बनाउन सकिन्छ भन्ने दिशातर्फ सरकारी पक्षलगायत देशवासीको पनि चासो रहेको बुझिन्छ । सीमित स्रोत-साधन भएको देशलाई समयानुपातित रुपमा योजनाबद्ध विकासको माध्यमबाट सबै क्षेत्रको सन्तुलित विकासक्रमको सिलसिलामा नेपालमा योजनाबद्ध विकास गर्ने उद्देश्यले वि.सं. २०१३ मा प्रथम पञ्चवर्षीय योजनाको तर्जुमा र कार्यान्वयन गरियो । कुनै पनि योजना विकासमुखी हुन जाने हुँदा नेपालको इतिहासमा २०१३ साल त्यो समय थियो जहाँ शिक्षा, स्वास्थ्य, विद्युत्, कृषि, खानेपानी र यातायातजस्ता यावत् क्षेत्रलगायत देशको एक भूभागबाट अर्को ठाउँमा आवतजावत गर्न कठिन परेको अवस्थामा आर्थिक विकास योजनाको कल्पना गर्नु अहिलेको भन्दा सयौं गुणा परको स्थिति थियो । जनताका न्यूनतम आवश्यकता परिपूर्ति गर्नेजस्ता क्षेत्रहरुमा विकासका पूर्वाधारहरु शून्य नै थिए । त्यस्तो परिपाटीमा विकासको माध्यमद्वारा योजनाको कल्पना गर्नु पनि एक सार्थक प्रयास थियो ।

नेपालमा योजनाबद्ध विकासको थालनीमा श्री ५ महेन्द्रको योगदान अतुलनीय रहेको छ । यस प्रथम पञ्चवर्षीय योजनावधिमा देशको भौगोलिक स्थितिलाई मनन गरी यातायात साधनको विकासलाई पहिलो महत्व दिनुका साथै दोस्रो स्थान कृषिजन्य वस्तुमा आधारित थियो । योजनाको परिलक्षित मापदण्ड अनुरुप उत्पादन र रोजगारीमा वृद्धि गर्नुका अतिरिक्त सम्पूर्ण राष्ट्रिय रहनसहनको स्तर र भौतिक अभिवृद्धि गर्नु यस योजनाको प्रमुख उद्देश्य थियो । यस योजनाको कुल लागत ३३ करोड रुपियाँ खर्च गर्ने अनुमान गरिएको भए पनि वास्तविक खर्च २१ करोड ४४ लाख अर्थात् ६५ प्रतिशत मात्र भएको देखिन्छ । यस योजना कार्यान्वयनको लागि १७ करोड रुपियाँ विदेशी सहायतामा निर्भर र हनुपरेको थियो।

विशेषतः कुनै पनि विकास प्रक्रिया समग्र मानवीय अवधारणाहरुको आधारभूमि हो । सामान्यत यो प्रक्रिया पूरा गर्न नेपालजस्तो विकासोन्मुख देशका लागि ग्रामीण अर्थतन्त्रको प्रचुर विकासविना सम्भव देखिँदैन । नेपाल गाउँ नै गाउँको कृषिजन्य अर्थतन्त्रमा आधारित मुलुक हो । नेपालको मानव विकास परिस्थितिलाई अवलोकनतर्फ ध्यान दिँदा सन् १९५० को दशकमा राष्ट्रिय बहुपक्षीय विकास योजनाको अवधारणा प्रारम्भ भएपछि नेपालको प्रसङ्गमा विकास नै राष्ट्रिय चिन्तनको मूलधार बन्दै आएको छ । यही आधारमा विगत ७२ वर्षको अन्तरालमा लागू गरिएका विभिन्न योजना परियोजनाहरुले देशको विविध क्षेत्रका विकाससम्बन्धी निर्देशक सिद्धान्तहरुलाई प्रतिनिधित्व गर्दै आएका छन् । विभिन्न विकास कार्यक्रमहरुको लागि सम्बन्धित सरकार र द्विपक्षीय एवं बहुपक्षीय वित्तीय संघसंस्थाहरुबाट अर्बौं धनराशि लगानी भइसक्दा पनि समग्रमा नेपालीहरुको आर्थिक जीवनस्तर माथि उठ्नुपर्नेमा झनै खस्कँदो अवस्थामै छ । अझ भनौं, धनी र गरिबबीचको जुन असमान दूरी छ त्यो नजिकिँदै जानुपर्नेमा झन्-झन् टाढिँदै गएको छ, जुन मानव विकास सूचकाङ्कप्रतिको सकारात्मक सन्देश कदापि होइन । नेपालका सबै जिल्लाहरुबीचको मानव विकास सूचकाङ्कहरुको स्थितिमा पनि यस्तै असमानता रहेको छ । विकासको चरणका असमानताहरु हटाउन र समग्र विकासको गतिलाई तीव्र पार्न क्षेत्रीय विकासको अवधारणा नीति अघि सारिएको हुन्छ । यस्तो अवस्थामा स्रोत-साधनहरुको कार्यान्वयन र परिचालन कार्यको केन्द्रविन्दु सबै जिल्लाहरुलाई बनाएको भए पनि झन्डै ६ दशक पछिल्ला वर्षहरुको विकास प्रयासको वर्तमान मोडमा उभिँदा हामी प्रश्न गर्न सक्छौं- प्रत्येक जिल्लामा के-कति विकास भएको छ ? र, विकासको मानचित्रमा हरेक जिल्लाको अर्को जिल्लासँगको मानव विकास सूचकाङ्कको स्थिति कस्तो छ ? निश्चय पनि तथ्याङ्क विश्लेषण गर्दा सतहत्तरै जिल्लाबीच विकास गतिमा व्यापक असमानता रहेको छ । सबै क्षेत्रहरुबीच यस्तो असमानता किन र कसरी भयो ? पटक-पटक सत्ताको बागडोर सम्हाल्नेहरुले कहिल्यै सोचे ? र, अब सोच्नेछन् ? देश विकास अभियानमा सबैको नैतिक इमानदारिता भनेको पनि यही सङ्कल्प हो ।

नेपालमा प्रथम पञ्चवर्षीय योजनाको शुरुवात हुनुअघिसम्म मुलुकमा १४.७ हजार हेक्टर भूमिमा मात्र सिंचाइ सुविधा उपलब्ध भएको अवस्थामा छेटौं योजना २०३७-२०४२ को अन्तिम वर्ष २०४२ असारसम्म देशमा ३.३९ लाख हेक्टर भूमिमा सिंचाइ सुविधा उपलब्ध भएको छ । यस योजना अवधिमा राष्ट्रिय उत्पादन वृद्धि गर्नुका साथै सिंचाइ, विद्युत् र यातायातमा आशातीत प्रगति भएको देखिन्छ । यसअघि प्रथम पञ्चवर्षीय योजना २०१३-०१८ देखि पाँचौं समयावधिसम्म क्रमशः दोस्रो २०१९-०२१ तेस्रो २०२२-०२७ चौथो २०२७-०३२ र पाँचौं योजना २०३२-०३७ बीच कार्यान्वयनमा रहेका थिए । प्रत्येक पञ्चवर्षीय योजना लगानीका दृष्टिकोणले आन्तरिक एवं वैदेशिक गरी प्रथम योजनादेखि छैटौंसम्म क्रमशः ३३, ६०, २५०, ३५४, ११४० र ३३९४ करोड रुपियाँ लगानीको लागि विनियोजन गरिए तर सबै विनियोजन गरिएको बजेट खर्च हुन भने सकेको थिएन । दोस्रो त्रिवर्षीय योजनामा कुल ६० करोड रुपिया लगानीको लागि प्रस्ताव गरिएकोमा ५९.६८ करोड रुपियाँ कार्यान्वयनमा आएको छ ।

देशको आर्थिक स्रोत र साधनको वास्तविकरुपमा परिचालन गर्दै राष्ट्रिय आयको न्यायपूर्ण वितरण गर्ने योजनाका दीर्घकालीन उद्देश्यहरु कार्यान्वयन गर्ने पक्षमा यी योजनाहरु सफल भएको देखिन्छ । यस्तै सातौं पञ्चवर्षीय योजनाको कार्यान्वयन अवधि २०४२-२०४७ सम्म रहेको छ । आर्थिक वर्ष २०४६-०४७ यस योजनाको अन्तिम वर्ष हो, अझ भनौं यो योजना पञ्चायत शासनकालको अन्तिम योजना हो । यस योजना अवधिमा देशले कृषि, स्वास्थ्य, विद्युत्, यातायात, सञ्चार, सामाजिक सेवा, शिक्षा, खानेपानीजस्ता क्षेत्रमा गुणात्मक प्रगति गरेको देखिन्छ । देशमा योजनाबद्ध विकासको लागि पहिलो योजनामा ३३ करोड रुपियाँ लगानीबाट प्रारम्भ भएर सातौं योजनासम्म आइपुग्दा लगानीको मात्रा पढेर ५,१४१ करोड पुग्यो । सातौं पञ्चवर्षीय योजना अवधिमा देशको वार्षिक जनसंख्या वृद्धिदर २.६६ प्रतिशत रहँदा योजनाविद्हरुले यसलाई समस्याको रुपमा लिए, तर राष्ट्रिय जनगणना २०७८ मा देशको जनसंख्या वृद्धिदर घटेर वार्षिक ०.९० प्रतिशतमा झर्दा यसप्रति चिन्ता प्रकट भएको छ । देशको जनसंख्या ऋणात्मक अवस्थामा पुग्नु विकासको लागि राम्रो सङ्केत होइन ।

२०४६ सालको परिवर्तनपश्चात् आव २०८०-०८१ सम्म ८ वटा पञ्चवर्षीय योजनाहरुले समय गुजारे । आठौं योजना २०४७-०५२ सम्मले देशमा केही विकास गरेको हो, तर २०५२ बाट शुरु भएको नेकपा माओवादीको देशद्रोही आपराधिक गतिविधिले मुलुकलाई तहसनहस बनाएजस्तै पञ्चवर्षीय योजनाहरु पनि प्रताडित हुनबाट बचेनन् । त्यसैले आज सत्तास्वार्थको दुश्चक्रमा संघीय संसद् मात्र हैन, नेपाली राजनीतिमा सत्तालाई नै सर्वेसर्वा प्रधान ठान्ने लुटाहा प्रवृत्तिले देश नै सत्तास्वार्थको सङ्कीर्ण चरित्रबाट बन्धक बनेको छ ।

राष्ट्रिय योजना आयोगको मस्यौदामा आव २०८५-०८६ सम्ममा मुलुकको आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ, जबकि आव २०७९-०८० मा यो स्थिति २.२ प्रतिशत छ । यस्तै हचुवाको भरमा चालू आवमा यसको वृद्धिदर ३.६ प्रतिशत पुग्ने अनुमान गरिएको छ, जुन असम्भव नै छ । मुलुकको आवश्यकता पहिचान, योजना छनोट, अध्ययन, स्रोत सुनिश्चितता एवं प्रभावलगायतका विषयमा समेत मस्यौदा अपूर्ण छ। योजनामा कुनै प्राथमिकीकरण देखिँदैन, १६ औं योजना पनि सनातन छ, अब परम्परागत पाराले देश र समाज चल्दैन, यो रिभ्यु हुनु अपरिहार्य छ।

१६ औं योजनाको लक्ष्य पूरा गर्न ९१ खर्ब ९६ अर्ब रुपियाँ लाग्ने अनुमान गरिए पनि आयोगले स्रोत सुनिश्चितताको कुनै ठोस आधार प्रस्तुत गर्न नसकेको अवस्था छ । आयोगले पाँच वर्षपछिको मूल्याङ्कनमा उक्त लगानी ११४ खर्ब पुग्ने अनुमान गरेको छ, जुन प्रतिवर्ष २२.८ खर्ब रुपियाँ खर्च गर्नुपर्ने हुन्छ। त्यसैले पनि यो असम्भव छ भनिएको हो । नेपाल सरकारका अर्थमन्त्री वर्षमान पुनले आव २०८१-०८२ को लागि १८ खर्ब ६० अर्ब ३०.३० करोड रुपियाँको बजेट भाषण संसद्मा प्रस्तुत गरेका थिए, जुन बजेटले देशको १६ औं योजनालाई सम्बोधन गरेको देखिँदैन । देश र देशवासी जनताको आशा जगाउने पक्षमा यो बजेट विमुख रहेको छ । बजेटमा ५ खर्बभन्दा बढी रुपियाँ घाटा बजेटको रुपमा प्रस्तुत भएको छ । देशको व्यापारघाटा, वैदेशिक र आन्तरिक ऋण एवं १२ खर्बभन्दा बढीको बेरुजुलाई बजेटले समीक्षा गर्न सकेको देखिँदैन । झन्डै ६२ प्रतिशत बजेट चालू खर्चमा अभिप्रेरित छ भने राष्ट्रसेवक कर्मचारीहरुको तलव खुवाउनसमेत ऋण लिनुपर्ने अवस्था छ। राजस्व उठतीको अवस्था ऋणात्मक छ भने पूँजीगत बजेटको अवस्था पनि उस्तै नाजुक छ । देशमा ५७.०५ खर्ब रुपियाँ रहेको जीडीपीको तुलनामा ऋणको आकार ४२.०२ प्रतिशत रहेको छ, जुन २९ प्रतिशतभन्दा तल रहनुपर्थ्यो ।

तथापि अहिलेका सत्ताधारी र विपक्षी शासकहरुसँग निजी भक्तका हनुमानहरु यत्रतत्र सर्वत्र छन्, तर अमेरिकाका १६ औं राष्ट्रपति अब्राहक लिङ्कनले भनेजस्तै निजी भक्त होइन, देशभक्तहरुको आवश्यकता छ । आव २०८१-०८२ को बजेट पनि देशभक्तहरुको पक्षमा मुखरित नभएर निजी भक्त दलालहरुको पालनपोषणको पक्षमा आत्मकेन्द्रीत रहेको छ । राजनीतिक परिवर्तनलाई संस्थागत गर्नका लागि आर्थिक क्रान्ति एक सबल अनिवार्य सर्त हुन्छ, तर भ्रष्ट सत्ताशक्तिको चरम दुरुपयोगले देशको समग्र आर्थिक विकास, समृद्धि र रोजगारी सधैँ धरापमा परेको छ ।

यस तथ्यलाई पुष्टि गर्दै बजेट भाषणपछि सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बजेटमा कथित जनयुद्धको रङ्ग पोतिएको छ भन्दै यो अर्थमन्त्रीको बजेट हो कि अर्थमन्त्री भएको दलको हो भन्ने खरो आरोप लगाएका छन् । हरेक आवको लागि राष्ट्रिय योजना आयोगले तोकेको बजेट सिलिङ नाघेर बजेट विनियोजन गर्दा बजेट कार्यान्वयनमा सधैँ समस्या उत्पन्न हुने गरेको छ । चालू आवमा १४ खर्ब रुपियाँ राजस्व उठाउने लक्ष्य राख्दा १० खर्ब पनि उठाउन नसक्ने यो नपुंसक सरकारले आगामी आवको बजेट पनि बजेट सेरोफेरोका अर्थहीन कर्मकाण्डीय शृंखला बन्न जाने प्रायः निश्चित छ ।

*(साभारः नेपाल समाचार-पत्र)*

# मान्छेले किन गर्छ भ्रष्टाचार ?

✍ डा.शोभाकर पराजुली

विश्वविख्यात कानुनी शब्दकोश 'ब्ल्याक्स ल डिक्सनरी'ले भनेको छ- 'कुनै जिम्मेवार पदाधिकारी र सरकारी संयन्त्रमा बस्ने कर्मचारीहरूले आफ्नो पदको गलत प्रयोग गरी आफू वा अरूका लागि आर्जन गरेको हरेकप्रकारका लाभ नै भ्रष्टाचार हो ।' सामान्य भाषामा बुझ्नेगरी भन्नुपर्दा आफ्नो निजी, पारिवारिक हितमा पद र शक्तिको दुरुपयोग नै भ्रष्टाचार हो । अनि भ्रष्टाचार गर्नुभनेको राज्यविरुद्धको गम्भिर अपराध पनि हो । भ्रष्ट र आचार शब्द मिलेर बनेको 'भ्रष्टाचार'को परिभाषालाई केही शब्दपरिधिले बाँध्न सकिदैंन । यसका जति रुपहरू छन् त्यो भन्दा कैयौं विशाल परिधिमा यो यसको आयतन हुन्छ जसलाई कुनै कानुन वा शब्द अनि अंकमा नाप्नै सकिंदैन ।

विश्वका करिब २ सय राष्ट्रहरूमध्ये सबैभन्दा धेरै भ्रष्टाचार हुने देशको सूचीमा नेपालको पनि 'सानदार' नाम अंकित छ । यो विश्वस्तरीय लिखतका पछि हाम्रा कैयौ राजनीतिक दल, नेताहरू अनि 'राष्ट्र सेवक' भनिएका कर्मचारीहरू पनि छन् । खुकुलो हुँदै गएको शासन व्यवस्था अनि दण्डहीनताले निस्तो बनाएको 'विधि'भित्र भ्रष्टाचारका त्यस्ता काँडाहरू यति चाँडै मौलाउँछन् कि कानुनका अख्तियारहरू जाग्न नपाउँदै तिनका भ्रष्ट आचारले सिङ्गो विधि नै निलिसकेको हुन्छ ।

'भ्रष्टाचारको वृद्धि हुनुका मुख्य कारणमा कुनै व्यक्तिको पद तथा अधिकारको प्रयोगले गर्दा व्यक्तिगत फाइदाका लागि गरिने बेइमानी तथा दुराचारलाई नै मान्न सकिन्छ । त्यस अन्तर्गत गैरकानूनी क्रियाकलापहरू वा सामाजिक अपराधहरू जस्तै घुस लिने र पदको दुरुपयोग गर्ने कार्यहरू पर्दछन्' २०७५ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालमा भ्रष्टाचार सम्बन्धी गरेको एउटा अनुसन्धान प्रतिवेदनले भनेको छ कि 'भ्रष्टाचार सार्वजनिक सेवा प्रवाह र सुशासनमा गम्भीर चुनौतीको रूपमा रहेको छ । यसको नकारात्मक प्रभावले गर्दा न्यून आर्थिक वृद्धि दर, राजनैतिक अस्थिरता, कुशासन, गरिबी, असमानता र बेरोजगारीको चक्रबाट मुलुकलाई ग्रसित बनाएको छ । यसरी भ्रष्टाचारले देशको सुशासन, सार्वजनिक सेवा प्रवाह र आर्थिक विकासमा प्रभाव पर्ने गर्दछ ।'

मान्छेको आचार अनि व्यवहारसँग जोडिएको यो 'भ्रष्टाचार' शब्द आफैमा यस्तो एउटा खराब आचरण हो, जसले स्वयं व्यक्तिलाई त निरन्तर खोक्र्याइरहेको हुन्छ नै सँगसँगै त्यसले राष्ट्र अनि राष्ट्रका सारा विधि, कानुन र प्रणालीहरू पनि ध्वस्त पारिरहेको हुन्छ । त्यसैले भ्रष्टाचार भनेको हरेकको आआफ्नै बिम्ब हो जहाँ उसले आफूले आफैलाई मात्रै देख्छ अर्थात् सबैले गरिरहेकै हुन्छन् तर गरेको छु भनेर कसैले 'गरेको छु' भनिरहेकै हुँदैन । त्यसैले यो एउटा त्यस्तो कालो बिम्ब हो जसलाई कसैले पनि एकअर्कोलाई देख्न वा देखाउन चाहँदैन ।

नेपाल पनि भ्रष्टाचारको यस्तै एउटा चक्रब्यूहमा निरन्तर फँसिरहेको देश हो जहाँबाट निस्किन लगभग सम्भव नै छैन कि भन्ने आभाष हरेक वर्ष ट्रान्सपरेन्सी इन्टरनेशनल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनि महालेखा परीक्षकहरूले सार्वजनिक गर्ने प्रतिवेदनहरूमा प्रस्ट देखिन्छ । अख्तियार आफैले भनेको छ 'नेपालमा भ्रष्टाचार अनियन्त्रित रूपमा बढ्दै गएको छ । नेपालमा भ्रष्टाचारको विभिन्न स्वरूप रहेको र यसैले गर्दा सेवा प्रवाहको स्थितिमा असन्तोष बढाएको छ । साथै सुशासन, सार्वजनिक सेवा प्रवाह र देश विकास प्रक्रियामा नकारात्मक असर पर्दै गएको छ ।'

हरेक शासन व्यवस्थाप्रति नेपाली जनता चाँडै निराश र आक्रोश हुनु पनि यसैको एउटा परिणाम हो । नेपालको राजनीतिक शासन व्यवस्थालाई नियालेर हेर्ने हो भने पनि निरंकुश शासनभन्दा प्रजातान्त्रिक कालमा धेरै र ठूला ठूला भ्रष्टाचारहरू भएका छन् । यसको अर्थ यो होइन कि निरंकुश व्यवस्थामा भ्रष्टाचार नै हुँदैन, त्यहाँ त अझ यस्तो मिलिभगत हुन्छ कि भ्रष्टाचारका कुराहरू कानुनका धाराहरूले छोपिएका हुन्छन् । तर प्रजातन्त्र भनेको एउटा त्यस्तो ऐना हो जसले छर्लङ्ग देखाइदिन्छ । प्रजातान्त्रिककालमा भएका जति पनि भ्रष्टाचारका काण्डहरू छन् ती सब देखाइएका हुन्, निरंकुशतन्त्रमा भएका भ्रष्टाचारहरू त देखिएकै छैनन् वा देखाइएकै छैनन् ।

अहिले प्रतिनिधिसभामा पुरानादेखि 'नयाँ' भनिएका राजनीतिक दलका सांसदहरूले पनि भनिरहेकै कुरा हो '२०४६ सालदेखि यताका सबै भ्रष्टाचारका फाइलहरू खोलौं' ।' तर साँच्चिकै आम नागरिकमा सरकारप्रति विश्वासलाई जगाइराख्ने हो र साँच्चिकै सरकारले हिम्मत गर्ने हो भने २०४६ सालअघिका फाइलहरू पनि खोल्नैपर्छ । यसबाट हामीलाई अझ धेरै यथार्थ चित्र प्रस्ट हुन्छ कि हामी कस्तो शासकहरूबाट शासित हुँदै आएका थियौं ।

२०५० सालमा नेपाल वायुसेवा निगमलाई डुबाउनेगरी भएको 'धमिजाकाण्ड' होस् वा 'लाउडा' अनि 'एयरबस काण्ड'हरू तिनका लहरा तान्दै जाँदा त धेरै नै पहराहरू थर्थराउनसक्छन् । २०४६ सालको जनआन्दोलन अघि पनि कैयौ त्यस्ता भ्रष्टाचारहरू भएका छन् । तर ती सबै कानुन अनि कागजी प्रक्रियामा मिलाइएका छन् वा कानुनका धाराहरू निस्क्रिय पारिएको अवस्थामा त्यहाँ नीतिगत भ्रष्टाचारहरू भएका छन् । प्रजातान्त्रिक कालबाट सुरुवात भएपनि अहिले बाहिर आएको तर मनमोहनकै पालामा २०५१ सालतिर नै त्यसलाई कानुनी धारामा बाँध्न खोजिएको 'गिरीबन्धु टी स्टेट' प्रकरण एउटा त्यस्तै काण्ड हो जसको गर्भर चनाकार उनै 'पञ्च शासक'हरू नै हुन् भन्नेमा कुनै दुईमत नै छैन । लोकतन्त्रका बखत झन त्यस्ता भ्रष्टाचारका काण्डहरू हरेकदिनजसो आइरहेका छन् । एकजना सामान्य पियन वा सुब्बाले केही सय रुपैयाँ घुस लिँदै गरेकादेखि ठूलै राजनीतिक दल तथा शक्तिकेन्द्रको मिलिभगतमा भएका ठूला ठूला काण्डहरू हरेक दिन समाचारका हेडलाइन बनिरहेका छन् ।

*क्रमशः पृष्ठ-३....*

# १२ वर्षपछिको प्रधानन्यायाधीशमा मत नमिल्दा न्यायाधीश नियुक्ति अनिश्चित

काठमाडौं/साढे १२ वर्ष पछिको सम्भावित प्रधानन्यायाधीशहरूको नाममा मत नमिल्दा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति अनिश्चित बनेको छ । नियुक्तिमा हुने राजनीतिक खिचातानीका कारण दुई वर्षदेखि सर्वोच्च अदालत न्यायाधीश रिक्तताबाट चलिरहेको छ ।

न्यायाधीश मीरा खड्काले २ जेठ २०७९ मा अवकाश पाएपछि हालसम्म पनि सर्वोच्च अदालतमा पूरै (२१ जना न्यायाधीश) पदमा बहाल हुन सकेका छैनन् । अहिले ४ जना न्यायाधीश रिक्त भएका कारण दैनिक कम्तिमा पनि २ वटा संयुक्त इजलासको कामकारबाही ठप्प भएको छ । समयमा नियुक्ति हुन नसक्दा यो दुई वर्षको अवधिमा सर्वोच्च अदालतले न्यायसम्पादनका लागि अधिकतम जनशक्ति व्यवस्थापन गर्न पाएन । नेपालको संविधानमा सर्वोच्च अदालतमा प्रधानन्यायाधीश सहित २१ जना न्यायाधीश हुने परि कल्पना छ ।

अहिले सर्वोच्च अदालतमा ४ जना न्यायाधीशको पद रिक्त छ । न्यायपरिषद् स्रोतका अनुसार ५ मंसीर २०९३ अघि ६५ वर्ष पुगेर अवकाश हुने न्यायाधीशको हकमा खासै विवाद छैन । परिषद् सम्बद्ध स्रोतले भन्यो, 'त्यसपछि पनि पदमा बहाल हुने न्यायाधीश प्रधानन्यायाधीशको रोलक्रममा हुन्छन् । त्यसैका लागि प्रमुख दलहरूबीच रस्साकस्सी चलेको हो ।'

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबराविरुद्ध कानुन व्यवसायी र सर्वोच्च अदालतकै न्यायाधीशहरू आन्दोलित भएपछि न्यायपरिषद् र न्याय सेवा आयोग अवरुद्ध भएको थियो । केही महिनादेखिको अन्योलका कारण १२ जेठ २०७८ मा अवकाश पाएका न्यायाधीश पुरुषोत्तम भण्डारीको ठाउँमा अर्को न्यायाधीशको नाम सिफारिस हुन सकेन ।

१ फागुन २०७८ मा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरामाथि महाभियोग दर्ता भएलगत्तै दीपककुमार कार्की कामु प्रधानन्यायाधीश भए र न्यायपरिषद् सक्रिय बनाउने बाटो खुल्यो । उनको कार्यकालमा न्यायाधीशका लागि सिफारिस भए पनि नियुक्ति हुन सकेन । त्यसपछि विभिन्न कारणले न्यायाधीश नियुक्तीमा ढिलाइ भइसकेको थियो । पछिल्लो समय भने २०९३ पछिको सम्भावित प्रधानन्यायाधीशको रोलक्रमलाई कारक मानिएको छ ।




### १२ वर्षसम्म 'बुकिङ'

नेपालको संविधानको धारा १२९ (३) मा सर्वोच्च अदालतमा ३ वर्ष काम गरेको न्यायाधीश प्रधानन्यायाधीशका लागि योग्य हुने व्यवस्था छ । तर व्यवहारमा भने वरीयता क्रममा प्रधान न्यायाधीशपछि दोस्रो स्थानमा रहेको व्यक्ति सिफारिस हुने परम्परा चलिरहेको छ । त्यसैले २०९३ सालपछि रोलक्रमका लागि अहिल्यै दलीय खिचातानी बढेको हो ।

न्यायपरिषद्को अभिलेख अनुसार प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ ६५ वर्षे उमेरहदका कारण १९ असोज २०८१ सम्म पदमा रहनेछन् । उनी पछि वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउत प्रधानन्यायाधीशको रोलक्रममा छन् । त्यसपछि सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुँयाल, नहकुल सुवेदी र टेकप्रसाद ढुंगाना प्रधानन्यायाधीश हुने रोलक्रम सहित सर्वोच्च अदालतमा बहाल भएका हुन् ।

२०८० मंसिरमा भएको सिफारिसले ८ असार २०९३ मा न्यायाधीश नहकुल सुवेदीको अवकाशपछि प्रधानन्यायाधीशको रोलक्रममा रहने गरी न्यायपरिषद्ले उच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुंगानाको नाम सिफारिस गरेको थियो । उनले करिब ६ महिना नेतृत्व गर्न पाउनेगरी न्यायपरिषद्ले नाम सिफारिस गरेको थियो ।

उनीपछिको नेतृत्व अनिश्चित छ । '५ पुस, २०९३ मा टेकप्रसाद ढुंगानाले अवकाश लिएपछि प्रधानन्यायाधीशको रोलक्रममा को रहने भन्ने टुंगो छैन' परिषद् सम्बद्ध स्रोतले भन्यो, 'त्यही रोलक्रममा आफू निकटका न्यायाधीश सिफारिसका लागि न्यायपरिणद्का सदस्यहरू मार्फत प्रमुख दलहरूबीच रस्साकस्सी चलेको हो ।'

उच्च अदालत, पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौला अहिले मुख्यन्यायाधीशहरूको रोलक्रममा सबैभन्दा अगाडि छन् । उनी बाहेक अरू मुख्यन्यायाधीशहरू सर्वोच्च अदालतमा सिफारिस भए पनि प्रधानन्यायाधीशको रोलक्रममा रहन सक्दैनन् । उनी भने अहिले सिफारिस भएमा पुगनपुग दुई महिना प्रधानन्यायाधीश बन्नेछन् । २५ माघ २०९३ पछि प्रधानन्यायाधीश हुनेगरी महान्यायाधीवक्ता डा. दिनमणि पोखरेललाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गर्नुपर्ने प्रधानमन्त्री पुष्पकमल दाहालको दबाब छ । प्रधानमन्त्री भएको केही महिनायता नै उनले पोखरेललाई प्रधानन्यायाधीशको रोलक्रममा रहने गरी सर्वोच्च अदालतको न्यायाधीश बनाउन जोडबल गरिरहेका थिए ।

महान्यायाधीवक्ता कार्यालयको अभिलेख अनुसार २९ चैत २०३० मा जन्मिएका पोखरेलको नाम सिफारिस भएमा २०९३ को उत्तरार्धपछि २८ चैत २०९५ सम्म उनी सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुनेगरी रोलक्रममा रहनेछन् । एमालेबाट न्यायपरिषदमा प्रतिनिधित्व गर्ने सदस्यहरू भने सकेसम्म उनको नाम सिफारिस गर्न नहुने पक्षमा छन् । 'वरिष्ठता र ज्येष्ठताक्रम विचार गर्दा उहाँको साटो अर्को उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न पनि आग्रह भएको हो,' परिषद् स्रोतले भन्यो, 'त्यतिबेला प्रधानमन्त्री दाहालले दिनमणिको विकल्प दिनमणि नै हो भन्ने प्रतिक्रिया दिएपछि २०८० मंसिरमा ७ वटा खाली पदमा ६ जना न्यायाधीश मात्रै सिफारिस भएका थिए । एउटा कोटा खाली नै राखियो ।'

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिमा न्यायाधीश भन्दा पनि प्रधानन्यायाधीशको रोलक्रम ताक्ने परिपाटी बढेको बताउँछन् ।

'प्रधानन्यायाधीशको रोलक्रम सहित नियुक्ति हुने न्यायाधीश लामो समय सर्वोच्च अदालतमा बिताउँदा रहेछन्,' उनले भने, 'कुनै न्यायाधीश लामो समय नेतृत्वमा र हँदा पद्धतीलाई भन्दा व्यक्ति केन्द्रित परिपाटी बढ्ने भएकाले पनि हामीले अधिकतम समयावधिमा जोड दिएका हौं ।'

### दिनमणि : निर्णय हुन नसकेको नाम

पहिल्यैदेखि खाली रहेको एक अनि २०८० मंसिरयता ईश्वर प्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र सुष्मालता माथेमाले उमेर हदका कारण अवकाश लिए पनि उनीहरूको ठाँउमा अरू न्यायाधीश सिफारिस हुन नसक्दा रिक्त न्यायाधीशको संख्या ४ पुगेको हो ।

परिषद् सम्बद्ध स्रोतका अनुसार ईश्वरप्रसाद खतिवडा सदस्य भएका बेला न्यायपरिषद्ले वरिष्ठ अधिवक्ता भएका व्यक्तिलाई मात्रै सर्वोच्च अदालतको न्यायाधीश सिफारिस गर्नुपर्ने भनी नीतिगत निर्णय गरेको थियो ।

महान्यायाधीवक्ता डा. दिनमणि पोखरेलले वरिष्ठ अधिवक्ताको उपाधि पाएका छैनन् । १६२ जनालाई वरिष्ठ अधिवक्ताको उपाधि दिनुपर्ने भनी तयार भएको प्रतिवेदन सर्वोच्च अदालतको फुल कोर्टमा पेस भइसकेको छ । स्रोतका भनाइमा त्यसमा पोखरेलको पनि नाम छ ।

२०८० मंसिरयता पनि सर्वोच्च अदालतमा रिक्त न्यायाधीशको सिफारिसका लागि पटकपटक बैठक बसेको थियो, तर परिणद्का सदस्यहरूबीच सहमति जुट्न सकेन । श्रृंखलाबद्ध बैठकहरूमा सर्वोच्च अदालतबाट प्रतिनिधित्व गर्ने प्रधानन्यायाधीश र वरिष्ठतम् न्यायाधीशले उच्च अदालतका क्याडर जजहरूलाई प्राथमिकतामा राखे भने अरू सदस्यहरूले कानून व्यवसायीहरूबाट प्रतिनिधित्व गराउन जोड दिए । 'प्रधानमन्त्री महान्यायाधीवक्तालाई सर्वोच्च अदालतको न्यायाधीश बनाउन चाहनुहुन्छ, न्यायपरिषद्का कतिपय सदस्यहरूले उच्च अदालतमा रहेका क्याडर जजहरूलाई जोड दिएको देखिन्छ,' न्यायपरिषद् सम्बद्ध स्रोतले भन्यो, 'यही कारणले सर्वोच्च अदालतमा ४ जना न्यायाधीशको नाम सिफारिस गर्न ढिलाइ भइरहेको हो ।'

न्यायपरिषद् सञ्चालन गर्न बनेको न्यायपरिषद् ऐन २०७३ मा पद रिक्त हुनुभन्दा एक महिनाअघि नै नयाँ न्यायाधीश नियुक्तिको सिफारिस हुनुपर्ने व्यवस्था छ । ऐनको दफा (४) मा भनिएको छ, 'न्याय परिषद्ले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नेछ ।'

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे समयमा न्यायाधीश नियुक्ति नहुनुमा न्यायपरिषद्को संरचनागत असफलता पनि कारक रहेको बताउँछन् । योग्य र क्षमतावान व्यक्तिको साटो दल निकट व्यक्तिलाई प्राथमिकतामा राखेकाले समयमा सिफारिस हुन नसकेको उनको भनाइ छ ।

'एक दिन पनि पद खाली नहोस् भनेर एक महिनाअघि नै सिफारिसको परिकल्पना भएको हो,' उनी भन्छन्, 'तर कसलाई कहाँ पुऱ्याउने भन्ने खेलमा सिफारिस र नियुक्तिमा ढिलाइ भइरहेको छ ।' गत साता संचारकर्मीसँगको अन्तर्वार्तामा सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीश डा. आनन्दमोहन भट्टराईले न्यायाधीश नियुक्तिको विषयमा भइरहेको राजनीतिबारे प्रष्टयाएका थिए ।

सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति भन्दा पनि प्रधानन्यायाधीशको रोलक्रम सहित सिफारिस हुनेगरेको सन्दर्भमा उनले भनेका थिए, 'प्रधानन्यायाधीश मार्फत न्यायपालिका नियन्त्रण गर्ने सोचले पनि यसो गरेको हुन सक्छ । त्यसमाथि व्यक्तिगत महत्वाकांक्षाले पनि काम गरेको हुन सक्छ ।'

(स्रोत: अनलाइनखबर)

# २४ खर्ब नाघ्यो सार्वजनिक ऋृण

काठमाडौं/नेपालको सार्वजनिक ऋृण २४ खर्ब रुपैयाँ नाघेको छ । सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ जेठसम्म सार्वजनिक ऋृण २४ खर्ब ३४ करोड रुपैयाँ पुगेको छ । कार्यालयका अनुसार जेठ मसान्तसम्म आन्तरिक ऋृण ११ खर्ब ९२ अर्ब ४८ करोड र वाह्य ऋृण १२ खर्ब ७ अर्ब ८६ करोड पुगेको छ ।

आवका सुरुवाती महिनामा वाह्यको तुलनामा आन्तरिक ऋृण हिस्सा धेरै भए पनि अहिले वाह्य ऋृण उकालो लागेको देखिन्छ । सार्वजनिक ऋृणमा वाह्य ऋृण हिस्सा ५०.३२ प्रतिशत र आन्तरिक हिस्सा ४९.६८ प्रतिशत छ ।

कार्यालय प्रमुख दीर्घराज मैनालीका अनुसार आर्थिक वर्षका सुरुवाती महिनामा बाह्य ऋृणको तुलनामा आन्तरिक ऋृण बढी देखिन्छ । यसो हुनुमा वाह्य ऋृणको प्राप्ति हिस्सा आर्थिक वर्षको अन्तिमतिर बढी हुनु हो ।

अर्कातर्फ, सरकारले कम लागत र बजार असर नपर्ने गरी आन्तरिक ऋृण उठाउने योजना बनाएको हुन्छ । यस वर्ष बैंकिङ प्रणालीमा तरलता पर्याप्त रहेको र ब्याजदर समेत कम रहेका कारण सरकारले सुरुवाती महिनामा बढी आन्तरिक ऋृण उठाएको थियो ।

तर, आव अन्तिमतिर जाँदा आन्तरिक ऋृणको बढी सावाँ भुक्तानी तथा बाह्य ऋृण प्राप्तिसमेत बढ्दा समग्र सार्वजनिक ऋृणमा बाह्य ऋृण हिस्सा आन्तरिकको तुलनामा बढी भएको छ । नेपालको सार्वजनिक ऋृण कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४२ प्रतिशत हाराहारी छ । बाह्य ऋृण जीडीपीको तुलनामा २१ प्रतिशतभन्दा केही बढी छ । बाह्य ऋृणमध्ये बहुराष्ट्रिय निकायको ऋृण १० खर्ब ७१ अर्ब छ भने अन्य देशसँग नेपालले लिएको ऋृण १ खर्ब ३६ अर्ब बराबर छ ।

### ११ महिनामा लिइयो ३ खर्ब ७ अर्ब सार्वजनिक ऋृण

सरकारले चालु आव ११ महिनामा ३ खर्ब ७ अर्ब रुपैयाँ सार्वजनिक ऋृण लिएको छ । यो आन्तरिक तथा बाह्य दुवै हो । यस अवधिमा १ खर्ब ९७ अर्ब भुक्तानी भएको छ । २०८० असार मसान्तसम्म नेपालको कुल सार्वजनिक ऋृण २२ खर्ब ९९ अर्ब ३५ करोड थियो । जेठ मसान्तसम्म आन्तरिक ऋृण प्राप्ति २ खर्ब २५ अर्ब छ । बाह्य ऋृण प्राप्ति ८२ अर्ब ६७ करोड छ । यस वर्ष सरकारले आन्तरिक र बाह्य गरी कुल ४ खर्ब ५२ अर्ब लिने लक्ष्य राखेको थियो ।

जेठ मसान्तसम्म प्राप्ति भने ३ खर्ब ७ अर्ब रुपैयाँमात्र भएको छ । बाँकी एक महिनामा लक्ष्य पूरा गर्न सरकारले १ खर्ब ४५ अर्ब रुपैयाँ सार्वजनिक ऋृण लिनुपर्छ । यसमध्ये आन्तरिक ऋृण उठाउन लक्ष्यभन्दा १५ अर्ब कम छ भने बाह्य ऋृण उठाउन लक्ष्यभन्दा १ खर्ब ३० अर्ब रुपैयाँ कम रहेको तथ्यांकमा देखिन्छ । जेठसम्मको बाह्य प्राप्ति लक्ष्यको ३८ प्रतिशत मात्र हो ।

सरकारले यस वर्ष सार्वजनिक ऋृणको सावाँ र ब्याज भुक्तानीमा मात्र पौने ३ खर्ब रुपैयाँ खर्च गरेको छ । कार्यालयका अनुसार यस वर्ष जेठ मसान्तसम्म सार्वजनिक ऋृणको सावाँ-ब्याज भुक्तानीमा २ खर्ब ७१ अर्ब खर्च भइसकेको छ ।

यस वर्ष सावाँ-ब्याज भुक्तानीमा ३ खर्ब ३० अर्ब रुपैयाँ खर्च हुने अनुमान छ । जेठ मसान्तसम्म आन्तरिक ऋृणको सावाँ-ब्याज भुक्तानीमा २ खर्ब २७ अर्ब खर्च भएको छ । यसमध्ये १ खर्ब ६१ अर्ब सावाँ र ६५ अर्ब ५० करोड ब्याज भुक्तानीमा खर्च भएको छ ।

बाह्य ऋृणको सावाँ भुक्तानीमा ४३ अर्ब ९९ करोड खर्च भएको छ । जेठ मसान्तसम्म बाह्य ऋृणको सावाँ भुक्तानी ३५ अर्ब ७० करोड र ब्याज भुक्तानी ८ अर्ब २९ करोड भएको छ ।

यस वर्ष नेपालको जीडीपीको ४.७५ प्रतिशत सार्वजनिक ऋृण सेवामा खर्च हुने अनुमान छ । जुन नेपालको विकास बजेटको हिस्साभन्दा माथि हो । जेठसम्म कुल सावाँ भुक्तानी १ खर्ब ९७ अर्ब र ब्याज भुक्तानी ७३ अर्ब ८६ करोड बराबर भएको कार्यालयको तथ्यांकले देखाएको छ ।

नेपालमा द्विपक्षीय ऋृणमा पहिलो स्थानमा जापान छ । जापानी सहयोग नियोग (जाइका) मार्फत अहिले नेपालमा ५१ अर्ब ११ करोड रुपैयाँ ऋृण छ । भारत दोस्रो स्थानमा छ । एक्जिम बैंक लाइन अफ क्रेडिटमार्फत नेपालले ४० अर्ब १४ करोड रुपैयाँ ऋृण लिएको देखिन्छ ।

(स्रोत: अनलाइनखबर)

# मान्छेले किन....

हरेक दिन अहिले त सामाजिक सञ्जाल र अनलाइनहरूमा क्षणक्षणमा आइरहने यस्ता समाचार हरूले देशको भ्रष्टअनुहारलाई संसार भरि उदाङ्गो देखाएको मात्रै छैन बरु त्यसले देशमा केही गर्ने इच्छाशक्ति बचाइराखेका आम नागरिकमा निराश अनि आक्रोश पनि बढाइरहेको हुन्छ ।

विश्व बैंकको एउटा अध्ययनले गरिब तथा विकासोन्मुख अर्थात विकास भइरहेका देशहरूमा भ्रष्टाचार बढी भएको तथ्यहरू फेला पारेको छ । अर्थात् त्यस्ता देशहरूमा राजनीतिक स्थिरता हुँदैन अनि राजनीति अस्थिर भयो भने कानुन र विधिको शासन पनि कमजोर हुन्छ । सामान्य नियम हो जहाँ कमजोर हुन्छ प्वाल त्यहिँ पर्छ । र, त्यस्ता भ्वाङहरूमा देशका कानुन-नियम अनि विधिहरू अडिन सक्दैनन् । नेपाल पनि एउटा त्यस्तै देश हो जसले भर्खर विकासको बाटोमा आफ्ना पाइलाहरू अघि बढारहेको छ । यस्तोमा सबैभन्दा धेरै भ्रष्टाचार हुने जोखिम बढाउँछ र भइरहेको पनि त्यही नै हो । जहाँ विकास निर्माणको गति बढिरहेको हुन्छ भ्रष्टाचारका हाँगा-जराहरू त्यतैतिर फैलिन्छन् अथवा गाडिन्छन् ।

विश्व बैंकको त्यो अध्ययन निष्कर्षको एउटा भाव के हो भने भ्रष्टाचार गर्न वा हुनका लागि 'गरिब' नै हुनुपर्दैन तर धनीले भ्रष्टाचारै गर्दैन भन्ने पनि होइन । ठूला र विकसित देशमा हुने भ्रष्टाचार अनि अनियमितताका कथाकहानी र पात्रहरू त्यसका उदाहरण हुन् ।


जर्जियो, ग्रेको, मार्कोका अनुसार भ्रष्टाचारको प्रभावले पूर्वाधार निर्माणमा लागत र समयावधिसमेत बढ्ने हुन्छ । अनि गुणस्तरमा कमी हुन गई त्यसले अर्को विपत्ती निम्त्याउन सक्छ र देशको ढुकुटी पनि रित्तो बनाउँछ । अहिले नेपालमा सरकारले निर्माण व्यवसायीहरूलाई भुक्तानी दिन नसक्नु वा निर्माण व्यवसायीहरूले गरेका कामको गुणस्तर नहुनु पनि त्यसकै परिणाम हो । जहाँ बनाउँदा बनाउँदै सडकहरू भत्किरहेका हुन्छन् अनि बन्दा बन्दैका पुलहरू भाँचिएका हुन्छन् । बजेटमा गरिने भ्रष्टाचारले गर्दा हुनजाने 'क्वालिटी कम्प्रोमाइज'का कारण आम उपभोक्ताहरूले ब्यहोर्ने क्षति त्यसका उदाहरणहरू हुन् ।

हामीले भोगेकै हो कोरोनाका कालमा संकटापन्न खोप र औषधिहरूदेखि अतिआवश्यक सामग्रीहरूमा समेत भ्रष्टाचार भएको अनि त्यसमा सरकार र त्यसका सञ्चालकहरू नै संलग्न रहेको । 'ओम्नी काण्ड' त्यसको एउटा ताजा उदाहरण हो ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने 'गिरोह'मा मुछिएका राजनीतिक दल र तिनका नेतादेखि उच्च तहका कमर्चारीहरूको लहरोले हाम्रो यो नयाँ पुस्तालाई कति तर्साउँदो हो ? अनि ललिता निवासको जमिन, बाँसबारी र बालमन्दिरलगायतका सरकारी जग्गाजमिनदेखि गिरिबन्धु टी स्टेटसम्मको लहरोमा बल्झिएका हाम्रा 'आदर्श' मान्छेहरूको अनुहारले जोसुकैलाई पनि झस्काउँछ नै ।

(साभार: खबरहब)

# सुवर्णको 'टासिदेलेक'मा 'नाइँ नभन्नू ल ६' हिरो




काठमाडौं/'नाइँ नभन्नू ल' श्रृंखलाले जीवन लुईंटेलदेखि पल शाहसम्मलाई 'स्टार' बनाइदियो । यसैको छैटौं श्रृंखलाबाट डेब्यु गरेका आशीर्वाद क्षेत्रीलाई पनि ठूलो आशा थियो । तर, उनकै डेब्युमा आएर 'नाइँ नभन्नू ल' श्रृंखलाले दम तोड्यो । यसले उनको करिअरमा समेत असर पाऱ्यो । तथापि, लुक्स, डान्स र एक्सनको तारिफ हुँदा उनलाई सम्भावना बोकेको अभिनेताको रुपमा हेरिएको थियो र छ ।

'नाइँ नभन्नू ल ६'पछि उनलाई फिल्मबाट अफर नभएको पनि होइन । निर्देशक दीवाकर भट्टराईको फिल्म 'मायावी'मा त काम गर्ने निश्चित नै भएको थियो । तर पछि अध्ययनले गर्दा फिल्म छाडिदिए । यसपछि केही कार्यशालामा अभिनय सिकेका उनी अब नयाँ फिल्ममा जोडिएका छन् । 'राधा' फेम्ड निर्देशक सुवर्ण थापाको फिल्म 'टासिदेलेक'मा उनी प्रमुख भूमिकामा देखिन लागेका हुन् ।

यतिबेला काठमाडौंमा फिल्मको ट्रेलर खिच्ने काम भइरहेको छ । आगामी भदौबाट भने सगरमाथा क्षेत्रमा फिल्मको छायांकन गरिने निर्देशक थापाले बताए । फिल्ममा आशीर्वादसँगै हिमाल आरोही तथा डान्सर छिरिङ शेर्पाको पनि मुख्य भूमिका रहनेछ । फिल्मले सगरमाथा आरोहीको कथा भन्ने जनाइएको छ । बौद्ध धर्ममा 'टासिदेलेक'को अर्थ अभिवादन, बधाई अथवा शुभकामना भन्ने हुन्छ ।

करिअरको दोस्रो फिल्म भएकाले यसले आशीर्वादका लागि ठूलो अर्थ राख्नेछ । यसबाट उनलाई फिल्मको व्यावसायिक सफलता र अभिनयको प्रशंसा दुवै जरुरी देखिन्छ । 'नाइँ नभन्नू ल ६' मा उनी अभिनयमा चुकेका थिए । यसपटक उनलाई त्यो छुट रहने छैन । 'टासिदेलेक'को निर्माता भने संगीतकार तथा गायक शम्भुजित बाँस्कोटा हुन् । यसअघि उनले फिल्म 'चौका दाउ' बनाएका थिए ।

# बलिउडमा देओल दाजुभाईको 'पुर्नजन्म'



काठमाडौं/कुनै बेला देओल परिवारको बलिउडमा ठूलो बोलबाला थियो । अभिनेता धर्मेन्द्र ठूला 'स्टार' थिए । उनका दुई छोरा सनी देओल र बबी देओलको करिअर पनि उत्कर्षमा थियो । तर, बलिउडमा नयाँ 'स्टार' जन्मिएसँगै विशेषगरी सनी र बबीको करिअर खस्कियो । उनीहरुका एकसेएक फिल्म पिटिए । बबीले वर्षौंसम्म फिल्ममै पाएनन् । सनीले एकाध फिल्म गरिरहे पनि सफल हुन सकेनन् ।

तर, यतिबेला फेरि बलिउडमा देओल परिवारको दिन फर्केको छ । धर्मेन्द्रले अस्वस्थ हुँदा समेत लगातार फिल्ममा काम गरिरहेका छन् । अघिल्लो वर्ष 'गदर २' ब्लकबस्टर भएपछि सनीको करिअर जुरुक्कै उठेको छ । 'रेस ३'पछि बबी पनि जबर्जस्त चम्किएका छन् । फिल्मदेखि वेब सिरिजसम्म उनलाई भ्याइनभ्याइ छ । यसरी हेर्दा देओल परिवारले बलिउडमा 'पुर्नजन्म' नै पाएको देखिन्छ ।

'गदर २'को 'रेकर्डब्रेक' सफलतापछि सनीको माग आकासिएको छ । र, उनले लगातार फिल्म सम्झौता गरिरहेका छन् । यतिबेला फिल्म 'लाहोर'को छायांकनमा व्यस्त रहेका उनले केही दिनअघि फिल्म 'बोर्डर २'मा काम गर्न लागेको जनाएका थिए । अब उनले तेलुगू निर्देशक गोपीचन्द मालिनेनीको नयाँ फिल्ममा पनि काम गर्ने भएका छन् । उनको लाइनअपमा फिल्म 'रामायण'मा पनि छ ।

बबी झन् सनीभन्दा व्यस्त छन् । कुनै समय 'लभर ब्वाई'को छवि बनाएका उनी अहिले नकारात्मक भूमिकामा सर्वाधिक रुचाइएका छन् । अघिल्लो वर्ष आएको 'एनिमल'ले उनको करिअर नै बदलदियो । यतिबेला उनलाई फिल्मको सेड्युल मिलाउन समेत समस्या भैरहेको भारतीय मिडियाले जनाएका छन् । बलिउडमा लडेर उठेका यी 'देओल दाजुभाई' अहिले धेरैका लागि प्रेरणा बनेका छन् ।

# 'दान्भी'लाई सुखद् शोज, ओपनिङ पूजाको काँधमा



काठमाडौं/नेपालमा महिला केन्द्रित एक्सन फिल्म विर लै बन्छन् । एक समय यसको नेतृत्व अभिनेत्री रेखा थापाले गरेकी थिइन् । उनीपछि भने अभिनेत्रीलाई लिएर एक्सन फिल्म बनाउन मेकर हरुले खासै इच्छा देखाएनन् । न त अभिनेत्रीहरुको एक्सनप्रति रुचि देखियो । अब लामो समयपश्चात् महिला केन्द्रित एक्सन फिल्म आउँदैछ । त्यो हो, 'दान्भी' । यसमा अभिनेत्री पूजा शर्मा एक्सन भूमिकामा छिन् ।

भोलि शुक्रबार (असार ७ गते)देखि प्रदर्शनमा आउन लागेको फिल्मको ट्रेलरले दर्शकमा एकखालको उत्साह बढाएको छ । यसको फाइदा फिल्मको व्यापारमा पर्नसक्ने आँकलन गरिएको छ । यसैबीच, देशभरका मल्टीप्लेक्सहरुमा बुधबारबाट फिल्मको बुकिङ खुलेको छ । र, फिल्मले राम्रो शोज पाएको छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र फिल्मलाई ४७ शोज बाँडेको छ ।

### दान्भी'ले मैदान छाडेको हो ?

त्यसैगरी, आईएनआई सिनेमाजले १२ शोज, वान सिनेमाजले ७ शोज, बिग मुभिज, रञ्जना सिनेप्लेक्स र बिएसआर मुभिजले समान ४/४ शोज, एफएक्युब र सिडिसी सिनेमाजले समान ३/३ शोजसहित फिल्मले देशभर लगभग डेढ सय शोज पाएको जनाइएको छ । शोज संख्या हेर्दा फिल्मप्रति हल व्यवसायीहरुले ठूलै आशा राखेको देखिन्छ । यसको प्रमुख कारण पूजाको स्टार छवि पनि हो ।

फिल्मलाई अब सबैभन्दा ठूलो चुनौती भनेको प्राप्त शोजमा दर्शक भराउनु हो । त्यो हुँदा फिल्मले उत्साहप्रद ओपनिङ हासिल गर्न सक्नेछ । र, यसको जिम्मेवारी पूजाको काँधमा छ । किनकि, 'दान्भी'मा 'स्टार' कलाकार उनी मात्र हुन् । अरु नयाँ छन् । आफ्नो स्टारडम प्रमाणित गर्ने उनलाई यो गजबको अवसर हो । आइतबार बाट भने फिल्मको भविष्य 'वर्ड अफ माउथ'ले निर्धारण गर्नेछ ।

रुपेश तामाङको निर्देशनमा बनेको फिल्ममा पूजा सहित कुन्साङ बोम्जन र किरण श्रेष्ठको पनि अभिनय छ । 'दान्भी'मा हरि बहादुर घलेको छायांकन, र विना थापा मगरको कथा, संजोग कुवँर रानाको पटकथा तथा संवाद लेखन तथा अर्जुन पोखरेल, नरेश जोशी र केदारराज नेपालको संगीत छ । फिल्मको निर्माता देव मगर र अनुप गडाल हुन् । कार्यकारी निर्मातामा भने पवन राना मगर छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सीप परीक्षण गरी प्रमाणपत्र प्रदान



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ उमेरले झन्डै ६ दसक हाराहारीमा रहेका हेटौंडा-४ निवासी हबिब मिया आफ्नो सीपको उचित मूल्याङ्कन भएकोमा खुशी देखिन्छन् ।

दुई दसकदेखि कन्स्ट्रक्सन मेशन डकर्मीको काम गर्दै आएका मियासँग सिटिभिटीको प्रमाणपत्र नहुन्जेलसम्म आफ्नो कामको मूल्याङ्कन नभएको महशुस गर्दै आएका थिए । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले सीपको परीक्षण गरी परीक्षा लिएर मूल्याङ्कनको आधारमा सिटिभिटीको २ लेवलको प्रमाणपत्र उपलब्ध गराएपछि थप हौसला बढेको र काम गरेर खाने आधार बनेको मियालाई लागेको छ । यस्तै हेटौंडा-४ कै सम्झना श्रेष्ठ, शर्मिला दवाडी सिलवाल पनि गार्मेन्ट फेब्रिकेटर लेवल १ को प्रमाणपत्र पाँउदा सीप अनुसारको मूल्याङ्कन भएको बताउँछन् ।

यस्तै मनहरी गाउँपालिका-८ बेल्बासेका रामकुमार गिरी, हेटौंडा-७ नागस्वतीका माधव खतिवडा पनि सीप अनुसारको प्रमाणपत्र पाइयो अब तहगत काम पाइने कुरामा आशावादी छन् । राष्ट्रिय सीप प्रमाणपत्र बितरण कार्यक्रममा स्वीस सरकार विकास सहयोग (एसडिसी) रहेको सामाजिक विकास मन्त्रालय बागमती प्रदेश एनभिक्युएस एमओएसडी बागमती प्रदेश प्राविधिक संयोजक सुकबहादुर चौधरीले बताए ।

३ तहको सरकार र सिटिइभिटीको समन्वय र साझेदारीमा कार्यक्रम भएको हो र ४२ जनालाई प्रमाणपत्र बितरण गरिएको संयोक चौधरीले जानकारी दिए । कार्यक्रममा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश सचीव राजन पौडेलले प्रमाणपत्र बितरण गरेका हुन् । आव २०८१/८२ मा ५ सय जनाबाट प्रमाणपत्रको लागि छनोट हुने संयोजक चौधरीको भनाइ छ ।

प्रमाणपत्रको पछाडि भागमा कामको दक्षताको विवरण खुलाइनाले पनि सीपको आधारमा काम पाइने र वैदेशिक रोजगारितामा पनि महत्वपूर्ण सपोर्ट हुने हुनाले पनि कार्यक्रमप्रति युवाको आकर्षण बढेको चौधरी बताउँछन् । कार्यक्रम सामाजिक विकास मन्त्रालयमा भएको हो । औपचारिक वा अनौपचारिक रुपमा शिक्षा तथा तालिम पाएका, कामको अनुभवबाट सीप प्राप्त गरेका युवालाई मान्यताप्राप्त प्रमाणपत्रको साथै श्रमबजारमा रोजगारिको अवसर सृजना गर्नको निम्ति नेपाल सरकारबाट ब्यावसायिक योग्यता प्रारुप स्वीकृत भई कार्यक्रम अगाडि बढेको हो ।

संयोजक चौधरीका अनुसार अहिले गार्मेन्टफेब्रिकेटर लेवल १, वेल्डर लेवल २, पेन्टर लेवल २, कन्स्ट्रक्सन मेशन डकर्मी लेवल २ को प्रमाणपत्र बितरण भएको हो । सामाजिक विकास मन्त्रालयले हेटौंडामा पहिलोपटक गरेको कार्यक्रम हो यो, यस कार्यले सहभागी उत्साहित छन् चौधरीको भनाइ छ ।

# प्रदेशसभा बैठक स्थगित, बजेट पुनर्लेखनको माग

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमाथि असन्तुष्टि व्यक्त गर्दै वागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदन अवरुद्ध गरेको छ । आगामी आवको बजेटमाथिको छलफल सुरु भएसँगै बिहीबार कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले बोल्नका लागि विशेष समयको माग गरेका थिए ।

सदनमा बजेटको विषयमा फरक मत राख्दै उनले बजेट पुनर्लेखन गर्नुपर्ने माग राखेका थिए । उनले आफ्नो माग पूरा नभएसम्म सदनमा बजेटमाथिको छलफल अगाडि नबढ्ने चेतावनी दिए । उनको बोल्ने समय सकिएलगत्तै कांग्रेस सांसदहरुले उठेर सदनमा विरोध जनाएका थिए । सभामुख भुवनकुमार पाठकले सदन सञ्चालन गर्न खोजे पनि कांग्रेस सांसदहरुले सदनमा नाराबाजी गरेपछि ३ बजेसम्मका लागि वैठक स्थगित भउको थियो । आर्थिकरुपमा तालमेल नमिलेको, आफ्नूहरुलाई उपलब्ध गराइएको बजेट पुस्तिका गलत भएको, अर्थ विविधि शीर्षकको बजेट लुकाइएको आरोप लगाइएको छ ।

'यो बजेट स्वीकार्न सकिँदैन । पुनर्लेखन गरेर अर्को बजेट पुस्तिका नल्याएसम्म सदन अगाडि बढ्न दिँदैनौं,' उननेता लामाले भने । आय र व्यय नै नमिलेको कारण बजेट पुनर्लेखन गर्नुपर्ने अवस्था आएको उनले बताएका छन् । प्रदेशसभा सचिवालयमा बिहान ११ बजेका लागि प्रदेशसभा बैठक बोलाइएको थियो । बैठकमा प्रदेश सरकारको आगामी आवको बजेटमाथिको छलफल सुरु गर्ने तयारी थियो ।

बैठकमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले बजेटमाथिको छलफल गरियोस् भन्ने प्रस्ताव पेस गर्न खोजे पनि विपक्षीको अवरोधका कारण सम्भव भएन । प्रतिपक्ष दलका सांसदहरुको विरोध पश्चात् सभामुख भुवनकुमार पाठकले दिउँसो ३ बजेसम्मका लागि बैठक स्थगित गरेका गरेका थिए । ३ बजेको लागि आह्वान गरिएको प्रदेशसभा पनि पुन: अर्को सूचना टाँसेर भोलि असार ७ गते बिहान ११ बजे बस्ने गरी स्थगित गरिएको थियो ।

सरकारले असार १ गते प्रदेशसभा बैठकमा आगामी आवका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । प्रदेश सरकारले चालु आवको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट सदनमा पेस भएको हो । सरकारले आगामी आवका लागि कुल बजेटमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ ।

# आधुनिक मिडियाको भूमिका सुखी समाजका लागि हुनुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले जनतालाई सही सूचना उपलब्ध गराउन आधुनिक सञ्चारमाध्यमको सकारात्मक भूमिका अत्यावश्यक रहेको बताएका छन् । राष्ट्रको उत्थान गर्न, अवसर खोज्न आधुनिक मिडियासँगको सम्बन्धमा सामान्य जनताको भावनाका बारेमा वर्णन गर्न आवश्यक भएको उनको भनाइ थियो ।

विहीबार हेटौंडामा आयोजित स्वस्थ्य तथा सुखी समाजका लागि आध्यात्मिक सशक्तिकरणमा मिडियाको भूमिका विषयक सेमिनार लाई सम्बोधन गर्दै उनले गैर जवाफदेहीताले मिडियालाई बन्दुकको फायरिङभन्दा बढी हानिकारक बनाउने बताए । उनले सञ्चार कर्मीलाई निष्पक्ष ढंगले कलम चलाएर इमान्दार पत्रकारिताको नमूना बन्न सक्नुपर्नेमा जोड दिए । जथाभावी अन्धाधुन्ध कलम चल्दा जनताको स्वाभिमानको हत्या गर्ने भएकाले निष्पक्ष सक्रियताको अभ्यास आजको आवश्यक्ता रहेको औंल्याए ।

जिम्मेवार र जवाफदेही आधुनिक सञ्चारमाध्यमको कलम सत्यतथ्यमा आधारित नहुँदा सिङ्गो पत्रकारितामा धमिलोपन हुने प्रदेशप्रमुख शर्माले बताए । मिडियाले भ्रष्टाचार नियन्त्रण, सुशासन, गरिबी निवारण, समानता र सामाजिक न्याय, गुणस्तरीय शिक्षा, राम्रो स्वास्थ्य सुविधा र संविधानमा उल्लेखित जनताका मौलिकहकको प्रत्याभूति जस्ता केही प्रमुख विषयमा आफ्नो भूमिका निर्वाह गर्नुपर्छ, प्रमुख शर्माले भने । सञ्चारमाध्यम आवाजहीन बर्ग, राष्ट्रिय पुनर्निर्माण प्रक्रियाका सामाजिक इन्जिनियर र भौगोलिक सीमाना पार गर्ने सभ्यताको अग्रगामी हुनुपर्छ, शर्माले भने ।

ब्रम्हकुमारी राजयोग सेवाकेन्द्र हेटौंडा र मिडिया प्रभाग ब्रम्हकुमारीज् माउन्टआवुको आयोजनामा भएको कार्यक्रममा मिडिया प्रभाग माउन्टआवु राजस्थानका नेशनल को-अर्डिनेटर डा. ब्रम्हकुमार शान्तनु, हैदरावादका को-अर्डिटर सरला दिदी, भारतीय दैनिक अखबारका सम्पादक डा. दीनदयाल मित्तल, वरिष्ठ राजयोग प्रशिक्षक अर्जुन श्रेष्ठ, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका निवर्तमान अध्यक्ष प्रताप विष्ट, मकवानपुर अध्यक्ष मणिराज गौतमलगायतले स्वस्थ्य तथा सुखी समाजका लागि आध्यात्मिक सशक्तिकरणको आवश्यकताबारे धारणा राखेका थिए ।

कार्यक्रमले भारतको राजस्थानका सञ्चारकर्मी र मकवानपुरका सञ्चारकर्मीबीच समन्वयात्मक भावना पैदा गर्न सहयोग पुग्ने कार्यक्रम संयोजक ब्रम्हाकुमार विजयले बताए । कार्यक्रम ब्रम्हकुमारी राजयोग सेवाकेन्द्र क्षेत्रीय प्रमुख ब्रम्हकुमारी सुशीला दिदीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रमामा सहभागी मकवानपुरका संचारकर्मीलाई माउण्टआवुमा आगामी सेप्टेम्बरमा हुने अन्तर्राष्ट्रिय मिडिया सेमिनारमा सहभागी हुन निमन्त्रणा गरिएको छ । कार्यक्रममा मकवानपुरका अग्रज पत्रकार प्रताप बिष्ट, टोल विकास संथा नगर समन्वय समितिका अध्यक्ष ध्रुब अधिकारीलाई मायाको चिनो सहित सम्मान गरिएको थियो ।

# प्रदेश भ्रमण वर्ष आधा समय सकिएपछि प्रचार सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ बागमती प्रदेश भ्रमण वर्ष २०२४ को अवसरमा ड्राइभ टुरिजम, टु ह्विवल टुरिङ र स्पोर्ट्स टुरिजमको लागि प्रमोसनल र्याली सुरु भएको छ । भ्रमण वर्ष सुरु भएको ६ महिना बितिसकेपछि प्रचारप्रसार सुरु भएको हो ।

बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आयोजनामा सुरु भएको र्यालीको व्यवस्थापन नासा फाउन्डेसनले गरेको हो । र्यालीका सहभागीले बागमती प्रदेशका विभिन्न जिल्लामा भएका पर्यटकीय गन्तव्य तथा धार्मिक स्थलको अध्ययन गर्ने र यो क्षेत्रमा ड्राइभ टुरिजम, टु ह्विवल टुरिङ र स्पोर्ट्स टुरिजममार्फत् गर्न सकिने आवश्यक कार्यको बारेमा विवरण संकलन गर्नेछ ।

ललितपुरको सातदोबाटो स्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरबाट प्रारम्भ भएको र्यालीमा तीनवटा गाडी र १३ जना विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको छ । नासा फाउन्डेसनका अध्यक्ष कृष्णसिंह बस्नेत र नासा नेपालका अध्यक्ष दशरथ रिसालले र्यालीमा सहभागीलाई विदाई गरेका हुन् । अध्यक्षद्वयले सहभागीले पर्यटकीय क्षेत्रको बारेमा राम्रो अध्ययन गर्ने र यसबाट बागमती प्रदेशमा ड्राइभ टुरिजम, टु ह्विवल टुरिङ र स्पोर्ट्स टुरिजमलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा गर्दै कार्य सफलताको शुभकामना दिएका छन् ।

पहिलो दिन नगरकोट, दोलालघाट, सुकुटे बीच, मुढे हुँदै कालिन्चोक नजिक कुरी बजार पुगेका छन् । आगामी दिनमा उनीहरु दोलखा भीमसेन, सिन्धुलीगढी, मकवानपुरगढी, सौराहा, त्रिशुली नदी र्याफ्टिङ, नुवाकोट दरवार, मैलुङ झरना, देवीघाट, ईन्द्रसरोवरको मार्खु आदि स्थानमा पुग्नेछन् । ललितपुरको गोदावरीमा आएर र्याली समापन हुनेछ । सहभागीले संकलन गरेको प्रचार-प्रसार सामग्री, भिडियो आदि सामग्री तथा ड्राफ्ट मन्त्रालयमा प्रस्तुतिकरण गरिने र प्राप्त सुझाव समेटी अन्तिम प्रतिवेदन तयार गरिने बताइएको छ ।

यसबाट बागमती प्रदेशका पर्यटकीय गन्तव्यको पहिचान र प्रचार-प्रसार गरिने, ड्राइभ टुरिजम र टु ह्विवल टुरिङमार्फत प्रदेशको दिगो पर्यटनका लागि आधारशीला तायार पार्ने र बागमती प्रदेशका ठूला सहरबाट ड्राइभ टुरिजम र टु ह्विल टुरिङमार्फत् ड्राइभ टुरिजमका गन्तव्यलाई सार्वजनिक गर्ने कार्यमा सहयोग पुग्ने बताइएको छ । यस कार्यक्रमले बागमती प्रदेशमा रहेका विभित्र पर्यटकीय एवम् धार्मिकस्थलको पहिचान हुनेछ ।

यसलेदेशको राजधानीबाट नजिकै रहेका अधिकांश पर्यटकीय स्थलको पहिचान गरी उजागर गर्न साथै प्रवर्द्धन गर्न टेवा पुग्ने बताइएको छ । नजिकै रहेका तर, ओझेलमा परेका पर्यटकीयस्थललाई ड्राइभ टुरिजम तथा टु ह्विल टुरिङ अर्थात सामान्य गाडी तथा मोटरसाइकलमै अवलोकन गर्न सकिने विषयलाई सहज तरिकाले प्रस्तुत एवम् प्रवर्द्धन गरिने आयोजक संस्थाले जनाएको छ ।

# कार्यालय प्रमुखकै आईडीबाट नक्कली डाटा इन्ट्री गरेर स्मार्ट लाइसेन्स

काठमाडौं, ६ असार/ नक्कली लाइसेन्स बनाएको आरोपमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले पाँच जनालाई पक्राउ गरेर पेपरकार्डबाट स्मार्ट कार्डमा लैजाँदा भएको अनियमिततामाथि अनुसन्धान गरिरहेको छ ।



अनुसन्धानका लागि पक्राउ परेकाहरुमा यातायात व्यवस्था कार्यालय बुटवलका तत्कालीन प्रमुख (हाल वन मन्त्रालयका उपसचिव) केशव अर्याल, त्यहीं कार्यरत शाखा अधिकृत सुवास पौडेल, यातायात कार्यालय नवलपरासीमा कार्यरत कम्प्युटर अधिकृत पदमराज आचार्य, यातायात कार्यालय चितवनमा कार्यरत सहायक कम्प्युटर अपरेटर राजेश लम्साल र यातायात कार्यालय जनकपुरमा कार्यरत सहायक कम्प्युटर अपरेटर दिलिपकुमार साह छन् ।

यो प्रकरणमा ११ जनाविरुद्ध पक्राउ पुर्जी जारी भए पनि ६ जना भने अहिलेसम्म फरार छन् । फरार हुनेहरु सबै जना करारका पूर्व कर्मचारी रहेको सीआईबीले जनाएको छ ।

उनीहरुले इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स (इडीएल) लागु हुनु भन्दा पहिला जारी भएका पेपर कार्ड लाइसेन्सलाई इडीएलमा रुपान्तरण गर्दा ढड्डामा भएको अभिलेख विपरीत फर्जी लाइसेन्स जारी गरेको पाइएको सीआईबीका निर्देशक तथा एआईजी श्यामलाल ज्ञवालीले बताए । पक्राउ परेकाहरुमाथि सीआईबीले लिखतसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ ।

काठमाडौं उपत्यकामा २०७२ र उपत्यका बाहिर २०७५ सालदेखि स्मार्ट लाइसेन्स वितरण सुरु गरिएको थियो । त्यसअघि जारी भएका पेपर कार्ड लाइसेन्सलाई विस्थापित गर्दै स्मार्टमा लैजाने तयारी गरिएको थियो । जसअनुसार लाइसेन्स नवीकरण गर्न जाने र हराएर प्रतिलिपी बनाउन जानेहरुलाई स्मार्ट लाइसेन्स दिने गरिएको थियो ।

यही मौकामा उपसचिव अर्यालसहितको समूहले नयाँ लाइसेन्स बनाउन आउनेहरुलाई नवीकरण गर्न आएको भन्दै सिस्टममा गलत डेटा इन्ट्री गरेर लाइसेन्स दिएको पाइएको सीआईबीका प्रवक्ता एसपी होबिन्द्र बोगटीले जानकारी दिए ।

ढड्डाको रेकर्ड अनुसार पेपर कार्डको डेटा स्मार्ट लाइसेन्सको सिष्टममा इन्ट्री गर्नुपर्नेमा ढड्डामै नभएको लाइसेन्सको विवरण समेत सिस्टममा इन्ट्री गरेर बिना, ट्रायल, बिना लिखित परीक्षा नक्कली लाइसेन्स वितरण गरेको खुलेको सीआईबीको भनाइ छ । यसका लागि सुरुमा नक्कली पेपरकार्ड लाइसेन्स समेत बनाउने र त्यसको आधारमा स्मार्टकार्डको सिष्टममा डेटा इन्ट्री गरेको पाइएको छ ।

यसरी करिब ६० हजार ३४८ वटा नक्कली लाइसेन्स जारी गरेको आशंका सीआईबीले गरेको छ । बुटवलस्थित यातायात कार्यालयबाट अनुसन्धान सुरु गर्दा सोही कार्यालयमा २०७७ देखि २०७८ सम्म र २०७९ देखि २०८० सम्म गरी दुई कार्यकाल प्रमुख रहेका केशव अर्याल पक्राउ परेका हुन् । उनी बुटवलको प्रमुख रहेकै बेला उनकै आईडीबाट नक्कली डेटाहरु पनि स्मार्टकार्डको सिस्टममा इन्ट्री भएको पाइएको सीआईबीका अधिकारीहरु बताउँछन् ।

अहिलेसम्म अर्यालकै आईडीबाट इन्ट्री भएकामध्ये १४९ वटा लाइसेन्सको विवरण केलाउदा सबै नक्कली भेटिएको सीआईबीका एक अनुसन्धान अधिकृतले बताए । उनका अनुसार १४९ मध्ये १४४ वटा लाइसेन्सको सिरियल नम्बर ढड्डाको विवरणसँग मिल्दैन भने बाँकी ५ वटाको भने नाम नै फरक छ । अर्यालकै योजनामा अहिले पक्राउ परेकाहरुले संगठित रुपमा काम गरेको सीआईबीले जनाएको छ । सुरु डाटा इन्ट्री बुटवलबाट गर्ने र त्यसपछि बायोमेट्रिक अर्कै कार्यालयबाट गर्ने गरेको समेत पाइएको एसपी बोगटीले बताए ।

हिरासतमा रहेका उपसचिव अर्यालले आफूमाथि लागेको आरोप इन्कार गर्दै आएका छन् । सीआईबीसँगको सोधपुछमा उनले आफ्नो कम्प्युटर ह्याक गरेर कसैले फेक डेटा इन्ट्री गराएको हुन सक्ने बताएका छन् । तर नवीकरण, र लाइसेन्सको प्रतिलिपि लिँदा राजस्व बुझाएको भौचर तथा रसिद समेत कार्यालयबाटै बरामद हुनुले अर्यालको भनाइ पुष्टि नहुने अनुसन्धान अधिकारीहरु बताउँछन् ।

सीआईबीका एक अनुसन्धान अधिकृतका अनुसार एक जनाको लाइसेन्स सन् २०१३ मा जारी भएको छ । तर ती व्यक्तिमाथि अनुसन्धान गर्दा उनी २०२० मा मात्रै यातायात कार्यालय पुगको खुलेको छ । अझ छानबिनको क्रममा त लाइसेन्स नवीकरण गरेका व्यक्तिको उमेर स्मार्टकार्ड बनाउँदा बल्ल १८ वर्ष पूरा भएको समेत भेटिएको छ ।

'१८ वर्षकै उमेरमा लाइसेन्स लिएको रहेछ भने पनि ५ वर्षपछि स्मार्टकार्डमा रिन्यु भएर आउँदा उसको उमेर २३ वर्ष हुनुपर्ने हो । तर रिन्यु भनेर स्मार्ट लाइसेन्स जारी भएका व्यक्ति जम्मा १८ वर्षको रहेको भेटिएको छ', एक अनुसन्धान अधिकृतले भने ।

उद्धवप्रसाद रिजाल विभागको महानिर्देशक भएर आएपछि विभागका प्रविधि निर्देशक मुकेश रेग्मी संयोजक र शाखा अधिकृत अर्जुन अधिकारी, डाटावेश एड्मिन्सटेटर सविन श्रेष्ठ, डीएसपी तपन दाहाल सदस्य र कम्प्युटर इन्जिनियर बोधराज दाहाल सदस्य सचिव रहने गरी विभागले २०८० मा समिति बनाएर नक्कली लाइसेन्स प्रकरणबारे छानबिन गरेको थियो ।

यो समितिले स्मार्टकार्ड लागु भएको २०७२ देखि २०८० सम्मको ८ वर्ष अवधिमा एक लाख भन्दा बढी लाइसेन्स नक्कली रहेको आशंका गर्दै थप अनुसन्धान गर्नुपर्ने रिपोर्ट बुझाएको थियो । जसमध्ये पेपरकार्डबाट स्मार्टमा रुपान्तर गरिएका ६० हजार ३४८ लाइसेन्स नक्कली रहेको आशंका छ । रेग्मीको प्रतिवेदनमा भनिएको छ, 'पेपरकार्ड अध्ययन गर्दा ६० हजार ३४८ लाइसेन्सको विवरण भेटिएन । जसकारण यी लाइसेन्स संकास्पल देखिन्छन् । यस्तो विवरणहरु मध्ये बायोमट्रिक लिई लाइसेन्स समेत उपलब्ध भएका विवरणहरु ५८ हजार ३४६ छ ।'

अहिले यीनै लाइसेन्सको छानबिन गर्न भन्दै विभागले जाहेरी दिएपछि सीआईबीले अनुसन्धान अघि बढाएको छ । 'हाम्रै प्रतिवेदन अनुसार सीआईबीले अहिले छानबिन गरेको हो । पेपरकार्डबाट स्मार्टमा कन्भर्ट गर्दा करिब ६० हजार बढी लाइसेन्स शंकास्पद देखिएका छन् । अहिलेको छानबिन त्यसैमा केन्द्रीत हो' महानिर्देशक रिजालले संचारकर्मीसँग भने । अझै ५३ हजार ९०१ लाइसेन्स पेपरकार्डबाट स्मार्ट कार्डमा सार्न बाँकी रहेको रेग्मीको प्रतिवेदनमा उल्लेख छ ।

**मुद्दा चलेका सबै धरौटीमा छुटे**

नक्कली लाइसेन्स प्रकरणमा यसअघि सीआईबीले दुई वटा कसुरमा मुद्दा चलाएको थियो । सीआईबी पहिलो कसुर 'बी' (कार, जिप भ्यानजस्ता हल्का सवारी साधन) वर्गको लाइसेन्स नभएका व्यक्तिले चलाएको कारको ठक्करबाट पैदलयात्रीको मृत्यु भएपछि रकम लिएर चालकलाई हिरासतमै लाइसेन्स बेचिएको घटना थियो ।

जहाँ 'ए' (मोटरसाइकल र स्कुटर) को मात्रै लाइसेन्स भएका शशांक बस्यालले चलाएको कारको ठक्करबाट असार २०८० मा पैदलयात्री कृष्णप्रसाद भट्टराईको मृत्यु भएपछि 'बी' वर्गको लाइसेन्स बस्याललाई बेचिएको थियो ।

उक्त घटनामा सीआईबीले बस्यालका बाबुछोरासहित ७ जनालाई मुद्दा चलाएको थियो । जसमा चार जना फरार थिए । पक्राउ परेका तीन भने धरौटीमा छुटेका थिए । जसमा सुरज अर्याल ५ लाख, नारायण पाण्डे ५ लाख र हरिश भट्ट ३ लाख धरौटीमा छुटेका थिए । त्यसपछि सीआईबीले लाइसेन्सको फास्ट ट्र्याक प्रिन्टमा भएको अनियमितता बारेमा अनुसन्धान गरेको थियो ।

छिटो लाइसेन्स चाहिनेहरु (अध्ययन, वैदेशिक रोजगारी र शान्ति सेनामा विदेश जानेहरु) भन्दै कीर्ते कागजात पेश गरेर फास्ट ट्र्याकमा स्मार्ट लाइसेन्स दिएको आरोपमा ७ जनाविरुद्ध मुद्दा चलाइएको थियो । उनीहरु सातै जना धरौटीमा रिहा भइसकेका छन् ।

वसन्त पाण्डे, हरिश भट्ट र विदुर चौधरी जनही ३ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् । गणेश भण्डारी, प्रदीप सुनार र मिलन बाँस्तोला जनही १ लाख धरौटीमा र दीपा न्यौपाने साधारण तारेखमा रिहा भएका छन् । नक्कली लाइसेन्स प्रकरणमा सीआईबीले अहिले तेस्रो चरणको अनुसन्धान गरिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# चितवनमा गोही र बाघलाई पेटभरि खुवाउन छैन बजेट

चितवन, ६ असार/ चितवन राष्ट्रिय निकुञ्जको मुख्यालय कसरा नजिकै विश्वकै दुर्लभ घडियाल गोहीको प्रजनन केन्द्र छ । निकुञ्ज भ्रमण गर्ने अधिकांश पर्यटक यो प्रजनन केन्द्र अवलोकनमा जाने गर्छन् । बाहिरबाट हेर्दा प्रजनन् केन्द्र जति राम्रो लाग्छ, भित्र भने यसको वेदना दर्दनाक छ । प्रजनन केन्द्रमा राखिएका घडियालका माउ र बच्चालाई आहारा खुवाउनै समस्या छ । घडियाललाई आहाराका रूपमा दिइने माछा किन्न पैसाको अभाव छ । बर्षेनी यस्तै हालतबाट गुज्रिरहेको छ निकुञ्ज ।

चालु आर्थिक बर्षमा सरकारले घडियाल गोहीको आहाराका लागि ३० लाख रुपैयाँ छुट्याएको थियो । अघिल्लो बर्ष ३५ लाख छुट्याएकामा चालु आर्थिक वर्षमा ५ लाख घटेर आएको छ ।

आगामी आर्थिक बर्ष २०८१/८२ मा झनै रकम घटाउने सुन्नमा आएको निकुञ्जका एक अधिकृतले जानकारी दिए । घडियालको आहाराको रुपमा प्रयोग हुने माछाका लागि मात्रै बर्षेनी ५५ लाख रुपैयाँ खर्च हुने चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए ।

प्रजनन केन्द्रमा भाले र पोथी गरेर ७७३ घडियाल गोही छन् । यो संख्या थपघट भइरहन्छ । बजेट अभावकै कारण प्रजनन केन्द्र विस्तार गर्न पनि सकिएको छैन । राप्ती तथा नारायणी नदीको किनारबाट घडियालका अण्डा संक्लन गरेर केन्द्रमा ल्याएर उचित तापक्रममा बच्चा कोरल्ने गरिन्छ ।

केन्द्रमा नै रहेका पोथीहरूले पार्ने अण्डाबाट समेत बच्चा निस्कन्छन् । भालेको भने अभाव देखिन थालेको छ । निकुञ्जका अनुसार बर्षेनी २ सयदेखि ३ सय घडियालका बच्चाहरु उत्पादन गरेर राप्ती, नारायणी लगायतका देशका विभिन्न नदीहरुमा वंश विस्तारका लागि छाड्ने गरिएको छ । घडियाल प्रजनन केन्द्रमा गत आर्थिक बर्ष २०७९/०८० मा ६३ हजार ७११ पर्यटकले भ्रमण गरेका थिए । केन्द्र अवलोकनका लागि नेपाली विद्यार्थीबाट ३०, अन्यबाट ५०, विदेशी पर्यटकबाट १ सय रुपैयाँ टिकटबाट शुल्क लिने गरिएको छ ।

पर्यटकबाट मात्रै गत बर्ष ४४ लाख जति रकम संकलन भएको राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाकी लेखा अधिकृत पूजा खनालले जानकारी दिइन् । राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाले आफ्ना कर्मचारीहरु राखेर टिकटबाट रकम उठाउने गर्दै आएको छ ।

यसरी उठेको केही रकम कोषले निकुञ्जलाई दिने गर्छ । सो रकमबाट केन्द्रको टिकट काउन्टरका कर्मचारीको तलब, आहाराको व्यवस्थापन, प्रजनन केन्द्रमा गोहीको बासस्थान व्यवस्थापन, नदी किनारमा पुगेर अण्डाहरुको संकलन, ह्याचिङ जस्ता काममा खर्च हुँदै आएको छ ।

'हरेक बर्ष सरकारले केन्द्रका लागि बजेट घटाउँदा त्यसको प्रत्यक्ष मार घडियाल प्रजनन केन्द्रमा परेको छ', निकुञ्जका सूचना अधिकृत तिवारीले भने, 'दुर्लभ जीव घडियालको महत्व बुझेर यसको अझै विस्तार र व्यवस्थापनमा पर्याप्त रकम पठाउनुपर्छ भन्ने लाग्छ ।' बजेट अभावमा आफूले चाहेर पनि थप काम गर्न नसक्ने अवस्थामा पुगेको तिवारीले गुनासो गरे । उनले अर्को वर्षको बजेटमा मिलाउने गरी ठेकेदार लाई माछा किनेर ल्याउन भनिएको बताए । *(स्रोत: अनलाइनखबर)*

# राजदूतमा भागबन्डा : एमालेलाई ८, रास्वपालाई २, माओवादीलाई १

काठमाडौं, ६ असार/ सत्तारुढ प्रमुख तीन दलले राजदूतको भागबन्डा टुंगो लगाएका छन् । बिहीबार साँझ सिंहदरबारमा बसेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली र गृहमन्त्री रवि लामिछानेबीचको छलफलले हाल खाली रहेको ११ देशको राजदूतमा भागबन्डा टुंग्याएको हो ।

२४ जेठमा मन्त्रिपरिषद बैठकले भारत, अमेरिका, बेलायत, साउदी अरेबिया, दक्षिण कोरिया, मलेसिया, स्पेन, डेनमार्क, इजरायल, कतार र पोर्चुगल गरी ११ देशको राजदूत फिर्ता बोलाएको थियो । बिहीबार साँझ ६ बजेदेखि ८ बजेसम्म तीन नेताबीचको छलफलमा एमालेले आठ देशको राजदूत पाउने समझदारी भएको छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले दुई र माओवादी केन्द्रले एक देशको राजदूत पाउने शीर्ष नेता निकट स्रोतले बताएको छ ।

राजदूत फिर्ता बोलाउँदा माओवादी केन्द्रको कोटामा राजदूत बनेकाहरु फिर्ता नबोलाएका कारण अहिले एक जना मात्र दिइएको स्रोतको भनाइ छ ।

प्रधानमन्त्रीको सचिवालयले संचारकर्मीलाई दिएको जानकारी अनुसार शुक्रबार मन्त्रिपरिषद् बैठक अगावै केही राजदूत नियुक्त हुन सक्नेछन् । 'कुन देशमा को राजदूत बन्ने भन्ने नाममा प्रवेश गरिएको छैन, तर संख्या आजबाट टुंगियो', सचिवालयले बतायो ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना